**कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम कामकारोवार गर्ने ईजाजतपत्र प्राप्त**

# बिपिडब्लु लघुवित्त वित्तिय संस्था लिमिटेड

# BPW Laghubitta Bittiya Sanstha Ltd


रजिष्टर्ड/कर्पोरेट कार्यालय : वडा नं. ८, बनेपा, काभ्रेपलाञ्चोक

फोन नं. :०१-१६६०१९६

**Email: bpwlaghubitta@gmail.com, URL : www.bpwlaghubitta.com.np**


को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

## विवरण-पत्र

कम्पनीले यस विवरणपत्र मार्फत आफ्नो जारी पूँजी रु. ३,००,००,०००/-(अक्षरेपी तिन करोड रुपैया मात्र) को ३२.३३% ले हुन आउने रु.९७,००,०००।- (अक्षरेपी सन्तानब्बे लाख रुपैंया मात्र) रकम बराबरको प्रति शेयर रु. १००।- अंकित दरको ९७,००० कित्ता साधारण शेयर मध्ये जारी पूँजीको ०.५०% ले हुन आउने १,५०० कित्ता शेयर कर्मचारीहरु तथा सर्वसाधारणलाई छुट्टयाएको शेयर मध्येको ५% ले हुन आउने ४,८५० कित्ता शेयर सामुहिक लगानी कोषको लागि तथा १० प्रतिशत ले हुन आउने ९,७०० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि सुरक्षित गरी बाँकी रहने ८०,९५० कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ (छैठौं संशोधन सहित) र धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैठौं संशोधन सहित) को अधिनमा रही निष्कासन गरिनेछ ।

**कम्पनीको नेटवर्थ सम्बन्धी तालिका :**

| विवरण | वास्तविक | | | अपरिष्कृत | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७५/०७६ | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ | आ.व. २०७९/८० पहिलो त्रैमास | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०१.७४ | ८५.६१ | ८६.७८ | ९९.२४ | ८६.५० | १०१.१९ | ११७.०४ | १२७.८९ |
| प्रति शेयर आम्दानी (रु.) | (९.१४) | (१६.०६) | १.१६ | १२.४७ | (१२.७४) | १०.१४ | १५.८५ | १६.६७ |
| संचित नाफा/नोक्सानी ( रु हजारमा) | (१,८६९) | (५,१२९) | (४,९६०) | (२,९८५) | (५५७२.४८) | (२,८०८) | २९१ | २,४५९ |

**दरखास्त साथ प्रति साधारण शेयर रु. १००/– अंकित मूल्यका दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्कासन मूल्यले सूचिकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग.८ पृष्ठ नं. १३** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्कासनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्कासनकर्ता वा वित्तीय संस्थाको आर्थिक सक्षमता वा धितोपत्रको मूल्यको बारेमा कुनै प्रकारको प्रत्याभूति गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**संस्थापक तथा सञ्चालकहरु र संस्थापक शेयरधनीहरुका एकाघरको सदस्यले यस विवरणपत्र मार्फत निष्काशन गरिने प्राथमिक सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैनन् । साथै, यस विवरणपत्र मार्फत कर्मचारीहरुलाई बिक्री वितरण गरिएको शेयर तथा संस्थापक शेयर सर्वसाधारणका लागि निष्काशन गरिएको शेयर बाँडफाँट भएको मितिले तीन वर्ष पूरा नभई बिक्री वितरण गर्न वा हस्तान्तरण गर्न पाइने छैन ।**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (छैठौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम वित्तीय संस्थाको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट इस्युर रेटिङ्ग गराई "[ICRANP-IR] BB-" (pronounced as ICRA NP Issuer Rating Double B Minus)" रेटिङ्ग प्राप्त गरेको छ । जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा मध्यम जोखिम (Moderate risk of default regarding timely servicing of financial obligations) रहेको जनाउँदछ । सो रेटिङ्ग को वैधता अवधि एक बर्ष रहनेछ । क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको दफा ग.२२(ट) **पृष्ठ नं. ३९** मा उल्लेख गरिएको छ ।

रेटिङ्ग प्रदान गरेको मिति : बि.सं. २०७८/१२/३० (ई.सं.२०२२/०४/१३)    रेटिङ्ग बहाल रहने अवधि : बि.सं. २०७९/१२/२८ (ई.सं. २०२३/०४/११)

**नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृती प्राप्त भएको मिति :२०७९/०९/१८**

**नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मिति : २०७९/१०/०३**    **कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०७९/१०/०५**

| **वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :** | | | |
|---|---|---|---|
| **दरखास्त दिन पाउने न्यूनतम कित्ता :** | १० कित्ता | **निष्काशन खुल्ला हुने मिति :** | २०७९/१०/२२ गते |
| **दरखास्त दिन पाउने अधिकत्तम कित्ता :** | १,००० कित्ता | **निष्काशन बन्द हुने मिति :** | २०७९/११/०८ गते (बैंकिङ्ग समय पश्चात्) |

## धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक

MEGA CAPITAL MARKETS LIMITED
मेगा क्यापिटल मार्केट्स लिमिटेड
(100% Subsidiary of Mega Bank Nepal Limited)

मेगा क्यापिटल मार्केट्स लिमिटेड
साकेट कम्पलेक्स, त्रिपुरेश्वर, काठमाण्डौं, नेपाल
फोन.नं.:०१-५३६२७७२, ५३६२७७५
email: info@megacapitalmarkets.com
website: www.megacapitalmarkets.com

यस "विवरण-पत्र" धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको website: www.megacapitalmarkets.com, बिपिडब्लु लघुवित्त वित्तिय संस्था लिमिटेडको Website : www.bpwlaghubitta.com.np र नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।

**ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा** :

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक" भन्नाले मेगा क्यापिटल मार्केट्स लिमिटेड, साकेत कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौंलाई सम्झनु पर्दछ ।

ग) "घ वर्गको वित्तीय संस्था" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९(४) बमोजिम बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न सोही ऐनको दफा ३७ बमोजिम नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त वित्तीय संस्था सम्झनु पर्दछ ।

घ) "वित्तीय संस्था/कम्पनी" भन्नाले निष्कासनकर्ता कम्पनी बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेडलाई जनाउँदछ ।

ङ) "संस्थापक संगठित संस्था" भन्नाले बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेडमा संस्थापक शेयर धारण गर्ने कम्पनीहरु सम्झनुपर्छ ।

च) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्कासनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारमसाथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ ।

छ) "निष्कासन बैंक" भन्नाले निष्कासन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्कासनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बैंकलाई सम्झनु पर्दछ ।

ज) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ ।

झ) "संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन" भन्नाले बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ ।

ञ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

ट) "वित्तीय विवरण" भन्नाले संगठित संस्थाको वासलात, आय–व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ ।

ठ) "खुद सम्पत्ति (नेट वर्थ)" भन्नाले कम्पनीको वासलातमा रहने सम्पत्तिको कुल जोडमा वाह्य दायित्वलाई घटाई कायम हुन आउने रकम सम्झनु पर्छ ।

ड) "प्रति शेयर नेटवर्थ" भन्नाले कम्पनीको कुल नेटवर्थलाई कुल सेयर संख्याले भाग गर्दा आउने प्रतिफललाई सम्झनु पदर्छ ।

ढ) "प्रति शेयर आम्दानी" भन्नाले कम्पनीको आम्दानीलाई उक्त संस्थाको जारी शेयरले भाग गर्दा आउने भागफल सम्झनु पर्छ ।

**ख .२.विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्न र दरखास्त साथ रकम बुझाउने स्थान :**

**विवरणपत्र पाइने स्थानहरु :**

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | मेगा क्यापिटल मार्केट्स लिमिटेड, त्रिपुरेश्वर, काठमाडौं । |
| २. | बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड, बनेपा, काभ्रेपलाञ्चोक । |

साथै विवरण पुस्तिका मेगा क्यापिटल मार्केट्स लिमिटेडको वेभसाईट www.megacapitalmarkets.com, निष्कासनकर्ता कम्पनीको **वेभसाइ** www.bpwlaghubitta.com.np वा नेपाल धितोपत्र बोर्डको वेभसाईट www.sebon.gov.np बाट समेत यस निष्कासनको लागि स्वीकृत विवरण पुस्तिका हेर्न सक्नु हुनेछ ।

**दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

| | |
|---|---|
| **वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि :** | |
| १ | नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण सि-आस्बा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु । |
| **सर्वसाधारण शेयरधनीहरुको हकमा :** | |
| १ | नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण सि-आस्बा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु । |

**नोटः सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडद्वारा सञ्चालित मेरो शेयर (Mero Share) www.meroshare.cdsc.com.np अनलाइन प्रणाली मार्फत पनि आवेदन गर्न सकिनेछ ।**

### ग.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्कासनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारीहरु तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" तथा "धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

### ग.२.संगठित संस्थाको उद्घोषण :

### ग.२. क.संचालकहरुको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धताप्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

### ग.२. ख.संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :

यस बिपिडब्लु लघुवित्त वित्तीय संस्था लि.ले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

### ग.२. ग.नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं ।

### ग.२.घ.संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :

१. यस कम्पनीको संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

२. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

३. सार्वजनिक निष्काशनमार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।

४. धितोपत्र सम्बन्धी कानुन विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।

५. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा प्रमुख कार्यकारी हुन अयोग्य रहेका छैनन् ।

## ग.३.संगठित संस्था सम्बन्धी जानकारी :

### ग.३.क. संगठित संस्थाको पृष्ठभूमि

**अ) संगठित संस्थाको नाम :** विपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड (BPW Laghubitta Bittiya Sanstha Limited)

**आ) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०५/३१ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७५/१०/१७ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त गरी प्रदेश स्तरको "घ" वर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७६/०१/०२ गतेदेखि लघुवित्त कारोबार सञ्चालन गर्दै आइरहेको छ ।

**इ) संस्थाको रजिष्टर्ड ठेगाना :** यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय बनेपा ८, तिनदोबाटो, काभ्रेपलाञ्चोकमा रहेको छ ।

**ई) कारोवार गर्ने मुख्य स्थान :** यस वित्तीय संस्थाको कारोवार गर्ने स्थान नेपाल अधिराज्यको वागमती प्रदेश रहेको छ। मिति २०७९/०६/११ गतेसम्मको अद्यावधिक तथ्यांक अनुसार यस वित्तीय संस्थाले देशभरका ५ वटा शाखा कार्यालयहरु मार्फत लघुवित्तीय कारोवार गर्दै आईरहेको छ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोलि वित्तीय कारोबार गर्न सक्नेछ । हाल यस वित्तीय संस्थाले रजिष्टर्ड कार्यालयको अलावा देहायका स्थानहरुमा रहेको शाखा कार्यालयहरुबाट आफ्नो लघुवित्त कारोबार गर्दै आइरहेको छ ।

| क्र.सं. | कार्यालयको नाम | कार्यालय रहेको स्थान |
|---|---|---|
| १. | शाखा कार्यालय, पाटन | ललितपुर महानगरपालिका, ललितपुर |
| २. | शाखा कार्यालय, बनेपा | बनेपा, काभ्रेपलाञ्चोक |
| ३. | शाखा कार्यालय, बेत्रावती | बेत्रावती, रसुवा |
| ४. | शाखा कार्यालय, कुरिनघाट | इच्छा कामना गाँउपालिका,चितवन |
| ५. | शाखा कार्यालय, सामरी | सामरी, मकवानपुर |

**उ) संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

**कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :**

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०५/३१ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७५/१०/१७ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त गरी प्रदेश स्तर कार्यक्षेत्र भएको "घ" वर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७६/०१/०२ गते देखि लघुवित्त कारोबार सञ्चालन गर्दै आइरहेको छ । यस वित्तीय संस्थाका संस्थापकहरुमा पाटन बिजनेश एण्ड प्रोफेशनल विमन लगायत सरकारी, गैर सरकारी, विभिन्न बैंक तथा वित्तीय संस्था तथा बैंकिङ्ग क्षेत्र, शैक्षिक क्षेत्र, कृषि, उद्योग तथा ब्यापार क्षेत्र एवं व्यवस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :**

वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

१. वित्तीय संस्थाको निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
२. कृषि, उघोग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशिल व्यबसायको स्थापना, बिकास, बिस्तार, र क्षमता एवं उत्पादकत्व बृद्धीका लागी आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औधोगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुयाउने,

३. उपलब्ध सिप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, संञ्चालन, विकास, विस्तार एवं प्रवर्द्धन गर्ने र सो कार्यको लागी आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालीम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागी सक्रिय रुपमा संलग्न भई सहयोग पु¥याउने,

४. वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पु¥याई देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोय पु¥याउने ,

५. देशको समग्र वित्तीयप्रणाली प्रति सर्वसाधारणको विश्वासनीयता अभिबृद्धी गर्न सहयोग पु¥याउने ।

ऊ) **संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** हालसम्म सो नभएको ।

(ए) **अन्य विवरणहरु :**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :**

वित्तीय संस्थाले प्रदान गर्ने मुख्य सेवाहरुमा ग्राहक सदस्यहरुको निक्षेप (बचत) संकलन, कर्जा प्रवाह, लघु बिमा, विप्रेषण, अन्य वित्तीय सेवा, वित्तीय साक्षरता तालिम, सिप विकास तालिमहरु तथा सामाजिक उत्तरदायित्व सम्वन्धि क्रियाकलापहरु रहेका छन् । साथै वित्तीय संस्थाले लगानीको माध्यमबाट आफ्नो पूँजीको सही उपयोग गर्दै पनि आइरहेको छ ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :**

वित्तीय संस्था सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड (१) मा उल्लेखित सेवा प्रदान गर्न आवश्यक प्रविधि सम्पन्न रहेको छ । यस संस्थाले एमफिन प्लस कोर बैंकिङ्ग सफ्टवेयर प्रविधि प्रयोग गरी कारोवार गरिरहेको छ ।

(३) **कुनै ब्राण्डनेम, प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :**

मिति २०७५/१०/१७ गते वित्तीय संस्थाको रुपमा लघुवित्त कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरी मिति २०७६/०१/०२ गतेदेखि प्रदेश स्तरको “घ” बर्गको वित्तीय संस्थाको हैसियतले आफ्नो कारोबार संचालन गर्दै आएको छ। हाल वित्तीय संस्थाले ५ जिल्लाहरुमा ५ वटा शाखा कार्यालयहरु, स्थापना गरी कारोबार गरेको छ। आ.ब.२०७८/०७९ को चैत्र मसान्तको अवधि सम्ममा वित्तीय संस्थाको बचत रु.४ करोड ६२ लाख ६६ हजार ६६ र कर्जा रु. रु.१३ करोड ३ लाख ५७ हजार ७ सय ३१ रहेको छ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**

समय सापेक्ष अनुसार लघुवित्तीय सेवाहरु (सदस्यहरुमा लघुकर्जा प्रवाह र लघुवचत संकलन, बिमा र विप्रेषण सेवा आदि) को विकास गरी सम्भाव्य ग्राहकहरुको पहिचान गरेर आफ्नो ब्यापार विस्तार गर्ने योजना रहेको छ । साथै यस वित्तीय संस्थाका सेवा सम्बन्धी योजना देहाय बमोजिम रहेका छन् :

- चालु आर्थिक बर्षमा अन्य लघुवित्त संस्थाको उपस्थिति कम भएका जिल्लाहरु पहिचान गरी उक्त क्षेत्रमा यस संस्थाको कार्यक्रम विस्तार गर्ने तथा थप जिल्लामा संस्थाको सेवाहरुको उपयुक्तताको सम्भाव्यता अध्ययन गरी शाखा कार्यालय स्थापना गरी कार्यक्रम विस्तार गर्ने, केन्द्र बैठकलाई अझ प्रभावकारी बनाउन पुनर्ताजगी तालिम तथा वित्तीय साक्षरता कक्षा संचालन गर्ने, ग्राहक सदस्यको क्षमता तथा आवश्यकता आदिको पर्याप्त विश्लेषण गरेर गुणस्तरीय कर्जा लगानी गर्दै कर्जा कारोबार बृद्धि गर्ने, बचत बृद्धिमा बिशेष जोड दिने र बचत तथा कर्जाका नयाँ सेवा विकास गर्ने लक्ष्य लिइएको छ ।
- प्रबन्धपत्र तथा नियमावलीमा रहेका उद्देश्य बमोजिम थप कार्यहरु गर्दै जाने लक्ष्य रहेको छ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

वित्तीय संस्थाको प्रमुख बजार नेपाल अधिराज्यको बागमती प्रदेश रहेको छ । प्रदेश स्तरको “घ” बर्गको वित्तीय संस्थाको हैसियतले आफ्नो कारोबार संचालन गर्दै आएको छ । हाल वित्तीय संस्थाले ५ जिल्लाहरुमा ५ वटा शाखा कार्यालयहरु स्थापना गरी कारोबार गरी आफ्नो लघुवित्त सेवा प्रदान गरेको छ । भविष्यमा हरेक वर्गका ग्राहकहरुको आवश्यकता अनुरुप सेवाहरु उपलब्ध गराउँदै लैजाने लक्ष्य रहेको छ र नेपाल राष्ट्र बैंकको स्वीकृति अनुरुप थप शाखा, उपशाखा तथा अन्य कार्यालयहरु विस्तार गर्दै विभिन्न वर्गका ग्राहकहरुलाई सेवाहरु प्रदान गराउँदै लैजाने यस संस्थाको योजना रहेको छ ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :**

बैंक तथा वित्तीय संस्थाहरुमा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यवस्थापन दक्षताको आधारमा यस वित्तीय संस्थाले स्थापनाको छोटो समयमा नै लघुवित्तीय बजारको राम्रो हिस्सा ओगट्न र आफ्ना सेवाग्राहीहरुलाई राम्रो सेवा प्रदान गर्न सफल रहेको देखिन्छ । यस वित्तीय संस्थाको जम्मा २० जना कर्मचारीहरुले ४,०५९ जना

कुल ग्राहक सदस्यहरुलाई वित्तीय सेवा उपलब्ध गराइएको छ । साथै, आ.ब.२०७८/०७९ को चैत्र मसान्त सम्ममा कुल निक्षेप (बचत) रु.४,६२,६६,०६६/– र कुल कर्जा सापट रु.१३,०३,५७,७३१ /– रहेको छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**

सो नभएको ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**

बैंक तथा वित्तीय संस्था, शैक्षिक क्षेत्र, सरकारी/गैर सरकारी सेवा, उद्योग एवं ब्यापारिक क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यवस्थापन समूह सेवाग्राहीहरुको गुणस्तरीय सेवा, सुविधा तथा सन्तुष्टिको लागि सदैव तत्पर रहेका छन् । स्तरीय लघुवित्त सेवाका लागि ग्राहक सेवा विभाग स्थापना गरी संचालनका साथै कार्यक्रम तथा ग्राहक संरक्षण विभाग स्थापना गरी ग्राहकहरुको गुनासो समेत सुनी समाधान गर्ने गरिएको छ ।

(१०) **अनुसन्धान तथा विकास :**

नेपालको बैकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमिमा वित्तीय संस्थाले अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकता दिई सो कार्यको लागि छुट्टै अधिकृत नियुक्त गर्ने योजना रहेको छ । जसले गर्दा नयाँ सेवाहरुको विकास मात्र नभई हाल प्रदान गरिएका सेवाहरुमा समय सापेक्ष रुपमा आवश्यक परिमार्जनहरु गर्ने, नयाँ सेवाहरुको उपयुक्तताको सम्बन्धमा व्यवस्थापनलाई सुझाव उपलब्ध गराउनेछ । साथै वित्तीय संस्थाले ग्राहक वर्गमा नयाँ निक्षेपको योजनाहरु, ग्राहकमुखी सरल कर्जा सुविधा र विश्वसनिय नयाँ प्रविधिको प्रयोग गरी आफ्नो ग्राहकहरुलाई प्रतिस्पर्धात्मक एवं गुणस्तरीय सेवा प्रदान गर्ने लक्ष्य राखेको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान :**

विश्वब्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ ले गर्दा अर्थतन्त्रलाई नै प्रभावित पारेको र नेपाल पनि यसबाट जोगिन सकेको छैन, यस विषम परिस्थितिमा दैनिक रुपमा संचालन गर्नु पर्ने ब्यापार, व्यवसाय, उद्योग धन्दा लामो समय सम्म बन्द हुँदा लघुवित्त वित्तीय संस्थालाई समेत यस महामारीले नराम्रो प्रभाव पारेको छ । अर्थतन्त्रको समग्र क्षेत्रमा पर्न गएको असरले कर्जा असुली प्रकृयामा पर्न सक्ने जोखिम यथावत रहनेछ र ग्राहकको व्यवसायमा आएको मन्दीका कारण कर्जा प्रवाहमा कमी आउन सक्नेछ । साथै बैकिङ्ग प्रणालीमा देखिएको तरलता समस्याले थप कर्जा प्राप्त गर्न समस्या रहेको तथा सोहि अनुरुप कर्जा वृद्धि गर्न समेत चुनौती देखिएकोले संस्थाको व्यवसाय विस्तार तथा नाफामा समेत असर पार्न सक्ने देखिन्छ ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको

(१३) **बजार प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**

यस क्षेत्रमा लघुवित्त सेवा प्रदान गर्ने वित्तीय संस्थाको संख्या उच्च रहेकोले प्रतिष्पर्धा बढ्दो छ । जसले गर्दा लघुवित्त सम्बन्धी कार्यक्रमको विस्तार र सेवा प्रदान गर्नका लागि नयाँ स्थान तथा क्षेत्रहरुको पहिचान गरी लघुवित्त सम्बन्धी कार्यक्रम संचालन गर्न चुनौती देखिएको छ तथापी वित्तीय संस्थाको हैसियतमा केवल करिब ३ वर्ष पुरानो लघुवित्त वित्तीय संस्था भए तापनि आफ्नो कार्य क्षेत्रमा सञ्चालित अन्य समान वित्तीय संस्थाहरु बीच यस वित्तीय संस्थाले आफ्नो स्थितिलाई मजबुत बनाउँदै लगेको छ । एउटै ग्राहकले एक भन्दा बढी लघुवित्त संस्थाहरुबाट समेत गरी दोहोरो कर्जा सुविधा उपयोग गर्ने अवस्था सृजना भएको छ । जसले गर्दा कर्जाको गुणस्तर कायम गर्न कठिनाई तथा चुनौती देखिएको छ । त्यसै गरी दक्ष कर्मचारीहरुलाई टिकाइ राख्न पनि त्यत्तिकै समस्या देखिएको छ । उपरोक्त लघुवित्त बजारको अवस्था, प्रतिस्पर्धा र अन्य वित्तीय संस्थाहरुको उपस्थितिको बाबजुद यस वित्तीय संस्थाले कुशलतापूर्वक आफ्ना वित्तीय कारोबार संचालन गरी आफ्नो वित्तीय स्थितिलाई मजबुत बनाउँदै लगेको छ । साथै यस संस्थाले रणनीतिक योजना तथा कार्यविधि तयार गरी नयाँ नयाँ सेवा मार्फत लक्षित वर्गमा आफ्नो सेवा सुविधाको पहुँच पुऱ्याई अग्रणी भूमिका खेल्न सफल भएको छ ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १० प्रतिशत वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण :** सो नभएको ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १० प्रतिशत वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण :**

सो नभएको ।

**ग.३.ख. सम्पत्तिको विवरण :**

(क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

वित्तीय संस्थाको आ.ब.०७८/०७९* सम्मको सम्पत्तिको अवस्था तल उल्लेख गरे बमोजिम रहेको छ ।

| विवरण | सम्पत्ति | | | | यस वर्षको रु. | गत वर्ष रु. |
|---|---|---|---|---|---|---|
| | परिवहन साधन | कार्यालय सामान | लिजहोल्ड | अन्य | | |
| **१. परल मोल** | | | | | | |
| (क) गत वर्षको मौज्दात | – | १,३३१,८३१.०३ | ४१०,१७५.२९ | ८२४,३५५.८१ | २,५६६,३६२.१३ | २,४३८,५२२.१४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (ख) यस वर्ष थप | ३७७,९००.०० | २८८,०१५.३० | - | ३५,३८९.२८ | ७०१,३०४.५८ | १२७,८३९.९९ |
| (ग) यस वर्ष पुनर्मूल्याकंन - पूनर्लेखन | - | - | | - | - | - |
| (घ) यस वर्षको बिक्री | - | - | | - | - | - |
| (ङ) यस वर्षको अपलेखन | - | - | | - | - | - |
| **कूल (क+ख+ग+घ+ङ) परल मोल** | **३७७,९००.००** | **१,६१९,८४६.३३** | **४१०,१७५.२९** | **८५९,७४५.०९** | **३,२६७,६६६.७१** | **२,५६६,३६२.१३** |
| **२. ह्रस कट्टी** | | | | | | |
| (क) गत वर्ष सम्मको | - | ६५१,७०४.६४ | २४६,१०५.१८ | ४१५,८९७.३३ | १,३१३,७०७.१५ | ८६६,६४५.८० |
| (ख) यस वर्षको | २५,१९३.३३ | २२०,४८०.५२ | ८२,०३५.०६ | १३९,३४९.१७ | ४६७,०५८.०८ | ४४७,०६१.३५ |
| (ग) ह्रस कट्टी पुनर्मूल्याकंन - पूनर्लेखन | - | - | | - | - | - |
| (घ) ह्रस कट्टी समायोजन फिर्ता | - | - | | - | - | - |
| **कूल ह्रस कट्टी** | **२५,१९३.३३** | **८७२,१८५.१६** | **३२८,१४०.२४** | **५५५,२४६.५०** | **१,७८०,७६५.२३** | **१,३१३,७०७.१५** |
| **३. बुक भ्यालु (१ - २)** | **३५२,७०६.६७** | **७४७,६६१.१७** | **८२,०३५.०५** | **३०४,४९८.५९** | **१,४८६,९०१.४८** | **१,२५२,६५४.९८** |
| ४. जग्गा | - | - | - | - | - | - |
| ५. पूँजीगत निर्माण ( पूँजीकरण गरिनु पर्ने) | - | - | - | - | - | - |
| **जम्मा (३+४+५)** | **३५२,७०६.६७** | **७४७,६६१.१७** | **८२,०३५.०५** | **३०४,४९८.५९** | **१,४८६,९०१.४८** | **१,२५२,६५४.९८** |

माथि उल्लेखित सम्पत्तिहरु चालु अवस्थामा रहेका तथा उक्त सम्पत्तिहरु संस्थाको मुख्य कार्यालय तथा शाखा कार्यालयहरुमा रहेका छन् ।

**नोट : * आ.व. ०७८/७९ को व्यवस्थापनबाट प्रमाणित विवरण ।**

(ख) **बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नु पर्ने** ) : उक्त बुँदा (क) मा उल्लेखित सम्पत्तिहरु वित्तीय संस्थाको आफ्नै स्वामित्वको हो ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** :सो नभएको ।

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :**
वित्तीय संस्थाको सम्पूर्ण सम्पत्ति बास्तविक खर्चको हिसावमा कायम गरिएको र हाल सम्ममा पुनर्मूल्याङ्कन नगरिएको हुँदा कितावी मूल्य र बजार मूल्य बीच फरक नभएको ।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :**
परलमोलमा नियमानुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तिलाई सम्पत्तिको रुपमा राखिएको छ र सो को पुनर्मूल्याङ्कन गरिएको छैन् ।

**ग.३.ग. भावी योजना तथा रणनिती :**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीतिः**

वित्तीय संस्थाले आफ्नो व्यवसाय/सेवाको बृद्धिका लागि चालिने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयबद्ध रणनीति निम्नानुसार छन् ।

- आगामी दिनहरुमा उपयुक्त स्थानमा आवश्यकता र प्रतिफलको सिद्धान्तको आधारमा शाखा बिस्तारमा थप जोड दिई आ.ब. २०८१/०८२ को अन्त्य सम्ममा थप १५ बटा शाखा बिस्तार गरी जम्मा शाखा कार्यालय संख्या २० पुर्याईनेछ ।

- यस वित्तीय संस्थाले आफ्नो शाखा विस्तारको आधारमा आ.ब. २०८१/०८२ सम्ममा कर्जा विस्तार तर्फ रु. ३०,०१,०६,०००/- र बचत संकलन तर्फ रु. ७,२४,४५,०००/- पुऱ्याउने लक्ष्य रहेको छ ।
- भविष्यमा समेत ग्राहकहरुबाट माग भए बमोजिम तथा संभाव्य उपयुक्त लघुवित्तीय सेवा सुविधाहरु आफ्ना ग्राहक बर्गमा ल्याउन प्रयत्नरत रहने छ ।
- यस वित्तीय संस्थाबाट सेवा लिई आय आर्जन मुलक कार्य गरी जीवनस्तर उकास्न लालायित सदस्यहरु समूहमा प्रवेश गराउन जोड दिई सदस्य संख्या बृद्धि ल्याउने र सफल सदस्यहरुलाई प्रोत्साहन, सम्मान गर्ने । साथै, वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरी सेवाग्राहीहरुको संख्यामा वृद्धि गर्दै लगिने छ ।
- समग्र कर्जाको गुणस्तरलाई उच्चस्तरमा राख्ने र कर्जा तथा सापटमा प्राप्त हुने प्रतिफललाई उच्च राख्न कर्जा लगानीमा विविधिकरण गर्ने ।
- संस्थागत रुपमा सबल बन्न तथा सदस्यहरुलाई थप सेवा सुविधा उपलब्ध गराउनको लागि मर्जर तथा प्राप्तिको सम्भावनाको खोजी गर्ने । लघुवित्तीय सेवालाई प्रभावकारी र सदस्यको आवश्यकता परिपूर्तिको प्रभावकारी माध्यम बनाउने उपाय, तौरतरिकाको खोजी गर्ने ।
- सर्वसाधारणहरुमा साधारण शेयर जारी गरी यस वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि गरी रु.३,००,००,०००/– पुऱ्याउने ।

**रणनीति :**

प्रबन्धपत्रमा उल्लेख भए बमोजिमका उद्देश्यहरु हासिल गर्नका लागि लघुवित्त कारोवारहरु विस्तार गर्दै लैजाने छ । लघुवित्त कारोवार गर्ने वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिष्पर्धाबाट हुन सक्ने जोखिमहरु, वित्तीय संस्थाले प्रदान गरेको तथा भविष्यमा प्रदान गरिने कर्जा तथा सापट खराव कर्जामा परिणत हुन गएमा हुने जोखिम, कोभिड १९ को महामारीबाट आउन सक्ने जोखिमहरु, देशको राजनीतिक परिस्थितिबाट आउन सक्ने जोखिमहरु, देशको आर्थिक अवस्थामा आउने उतार चढाववबाट हुन सक्ने जोखिमहरु, नेपाल सरकारको आर्थिक नीति तथा नेपाल राष्ट्र बैंकको मौद्रिक नीतिमा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु, पूँजीको लागत तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु, अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपालको बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु, देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नीति, नियम र निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु तथा वित्तीय संस्थाले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गर्दा धितोपत्रको मूल्यमा परिवर्तनका कारण उत्पन्न हुन सक्ने जोखिमहरु लगायत सम्पूर्ण जोखिमहरुको गहन अध्ययन र विष्लेशण गरी उक्त जोखिमहरु न्यूनिकरण गर्दै जाने रणनीति वित्तीय संस्थाले लिएको छ ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको भविष्य :**

हाल देशको वित्तीय वातारवरण अत्यन्त प्रतिस्पर्धात्मक रहेको छ र सोही कारणले गर्दा यस वित्तीय संस्थाले आफ्नो उल्लेखिय क्षेत्र ओगट्न बिभिन्न रणनितीका साथ अघि बढेको छ । विगतको छोटो अवधिमा नै धेरै लघुवित्त सेवा प्रदायक संस्थाहरु र स्थानीय तहमा सहकारी संस्थाहरु स्थापना भई संचालनमा आइरहेका छन् । यो परिस्थितिले गर्दा एक तर्फ देशको बैंकिङ्ग वातावरण बढि प्रतिस्पर्धात्मक हुने देखिन्छ भने अर्को तर्फ हाल विश्वब्यापी महामारीको रुपमा देखा परेको कोभिड १९ को कारणले केही चिन्तित हुनुपर्ने स्थिति समेत रहेकोछ । यो अवस्थाले देशको समग्र बैंकिङ्ग व्यवसायलाई केही हदसम्म प्रभाव पार्ने देखिन्छ । यस वित्तीय संस्थाले संख्यात्मक बृद्धि भन्दा पनि गुणात्मक बृद्धिलाई आफ्नो प्रमुख लक्ष्यका रुपमा अगाडी सारेको छ । वित्तीय बजारको वर्तमान अवस्थालाई मध्यनजर गर्दै सेवाको पहुँच कम भएका स्थानहरुमा आफ्नो कार्यक्रम विस्तार गर्दै लैजाने कार्य भइरहेको छ । विगतको अनुभवबाट यस वित्तीय संस्थाले विकास गरेका सेवामुखी सुविधाहरु तथा ग्राहक सदस्यहरुले वित्तीय संस्था प्रति देखाएको विश्वास, सहभागिता र उत्साहले नै हाल सम्म यस वित्तीय संस्थालाई आफ्नो कार्यक्रम विस्तार गर्न सफलता प्राप्त भएको छ । हाल लघुवित्त क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धा, कर्जा/सदस्यको दोहोरोपना आदि कारणले वित्तीय संस्थालाई प्रभाव पार्न सक्ने भएतापनि वित्तीय संस्थाले विकास गरेको आन्तरिक नियन्त्रण प्रणाली, वित्तीय संस्था सँग रहेको मौज्दात तथा कुशल व्यबस्थापनको कारण सम्पूर्ण परिसूचकहरुमा चालु आ.ब.मा कुनै नकारात्मक असर नपर्ने देखिन्छ। यसको साथै भविष्यमा पनि यस्तो नकारात्मक असर पर्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति नियम, कार्यविधिहरुको तर्जुमा गरी अगाडी बढ्ने रणनीति यस वित्तीय संस्थाले लिएको छ । यस वित्तीय संस्थाले नेपाल राज्यभर थप शाखा कार्यालय खोलि लघुवित्तीय सेवाहरु प्रदान गरी उत्साहजनक उपलब्धि हासिल गर्ने लक्ष्य लिएकोछ । यस वित्तीय संस्थाका संचालक समिति लगायत व्यबस्थापन समिति तथा उच्च पदाधिकारीहरुमा लामो समयको बैंकिङ्ग तथा लघुवित्तको अनुभव रहेकोले अन्य प्रतिस्पर्धी भन्दा पृथक किसिमले सहज तरिकाले संचालन गर्न सक्ने क्षमता रहेकोछ । त्यस कारण विद्यमान उपलब्धिहरु एवंम् प्रस्तुत भावी योजनाहरुका आधारमा यस वित्तीय संस्थाको भविष्य सुदृढ हुने देखिन्छ ।

**यस बित्तीय संस्थाको मिति २०७९ आषाढ मसान्त सम्म जिल्ला तथा शाखा, कूल निक्षेप देहाय बमोजिम रहेको छ।**

| **क्र.सं.** | **विवरण** | **आर्थिक वर्ष २०७८/७९ आषाढ मसान्त** |
|---|---|---|
| १ | जिल्ला | ५ |
| २ | केन्द्रीय कार्यालय | १ |
| ३ | प्रदेश कार्यालय | नभएको |
| ४ | अनुगमन कार्यालय | नभएको |
| ५ | शाखा | ५ |
| ६ | संकलन केन्द्र | नभएको |
| ७ | कर्जा प्रवाह | रु.१८,९०,३१,४८६ |
| ८ | कुल निक्षेप संकलन | रु.४,७९,१३,२९३ |

**ग.३.घ. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

यस वित्तीय संस्थाको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार महिला संचालक सहित ७ ( सात) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ। संचालकहरुको कार्यकाल बढीमा ४ (चार) वर्षको हुनेछ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरुबाट मनोनित/निर्वाचित | ४ जना |
| सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित | २ जना |
| स्वतन्त्र संचालक | १ जना |
| **जम्मा** | **७ जना** |

यस वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार यस वित्तीय संस्थाको संचालक पदमा नियुक्त हुनका लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तिमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ। तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

**ग.४. पूँजी संरचना सम्बन्धी जानकारी**

**ग.४.क) पूँजीको संरचना :**

**१) अधिकृत पूँजी (Authorised Capital):**

कम्पनीको अधिकृत पूँजी रु. १०,००,००,०००/- (अक्षरेपी दश करोड मात्र) हुने छ। सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका १०,००,००० - (दश लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

**२) जारी पूँजी (Issued Capital):**

कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी ३,००,००,०००/- (अक्षरेपी तिन करोड मात्र) हुने छ। सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका ३,००,००० (तिन लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

**३) चुक्ता पूँजी (Paid up Capital):**

कम्पनीको जारी पूँजी मध्ये संस्थापकहरुले तत्काल चुक्ता गरेको पूँजी रु. २,०३,००,०००/- (अक्षरेपी दुई करोड तिन लाख मात्र) रहेको छ। सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका २,०३,००० (दुई लाख तिन हजार ) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । सर्वसाधारणका निमित्त (वैदेशिक रोजगारीमा रहेका नेपालीहरु समेत) छुट्टाइएको रु.९७,००,०००/-(अक्षरेपी सन्तानब्बे लाख) रकम बराबरको रु.१००/–अंकित दरको ९७,००० कित्ता साधारण शेयर निष्कासन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु. ३,००,००,०००/– (अक्षरेपी तिन करोड) हुनेछ।

**ग.४.ख. साधारण शेयर निष्काशनगरी बाँडफाँट गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :**

| **समूह** | **शेयरधनी** | **शेयर कित्ता** | **पूँजी संरचना** | **चुक्ता रकम (रु.)** | **भुक्तानी प्रतिशत** |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | २,०३,००० | ६७.६७% | २,०३,००,०००/– | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (सामुहिक लगानी कोष तथा कर्मचारीहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरु समेत) | ९७,००० | ३२.३३% | ९७,००,०००/– | भुक्तानी हुन बाँकी |
| | **जम्मा** | **३,००,०००** | **१००%** | **३,००,००,०००/–** | निष्काशन पश्चात शतप्रतिशत रकम भुक्तानी हुने |

**ग.४.ग) शेयर प्रिमियम खाता (निष्कासनपूर्व र निष्कासनपश्चात्) :**
शेयरमा प्रिमियम खाताको व्यवस्था हाल नरहेको ।

**संस्थापक/संचालक सम्बन्धी जानकारी :**

**ग.५.क. संस्थापक/संचालकको पृष्ठभूमी :**

**क) आधारभुत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

**आधारभुत शेयरधनीको विवरण :**

| सि.नं. | नाम | पद | उमेर (बर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव प्रस्तावित ब्यापार/ब्यबसाय |
|---|---|---|---|---|---|---|---|---|
| १. | अम्बिका लाल श्रेष्ठ | अध्यक्ष तथा संस्थापक आधारभुत शेयरधनी | ५४ | नेपाली | न्त्योखा २५, काठमाडौं | १०,७५० | एम.बि.ए. | विभिन्न बैंक तथा वित्तीय संस्थामा २० बर्षको कार्यअनुभव , विपिडब्लु लघुवित्तमा विभिन्न मितिमा संस्थापक अध्यक्ष भई ४ बर्षको अनुभव र विपिडब्लु लघुवित्तमा पुनः नियुक्त भई हाल अध्यक्ष पदमा कार्यरत । |
| २. | किशोर भाई बज्राचार्य | संस्थापक आधारभुत शेयरधनी | ५४ | नेपाली | बालिफल १६, ललितपुर | १०,७०० | एम.बि.ए. | अन्तराष्ट्रिय गैरसरकारी संस्था (GTZ)को रुरल फाईनान्स नेपाल कार्यक्रममा Institutional Development Sector को professionalको रुपमा ११ वर्ष कार्य गरेको तथा बिपिडब्लु लघुवित्त वित्तीय संस्था लि. मा निवर्तमान अध्यक्ष र संचालक पदमा रहि स्थापनाकाल देखि हाल सम्म संलग्न |
| ३. | प्रमिला शाक्य | संस्थापक आधारभुत शेयरधनी | ४५ | नेपाली | वडा नं. १६, ललितपुर | १०,७०० | स्नाकोत्तर | गैर सरकारी संस्थाको उच्च पदमा रहि करीब १५ बर्ष भन्दा बढिको कार्यानुभव तथा स्थापना काल देखि २०७८ साल माघ मसान्त सम्म बिपिडब्लु लघुवित्त वित्तीय संस्था लि. मा प्रमुख कार्यकारी अधिकृतको रुपमा रहि कार्य गरेको अनुभव |

**सञ्चालकहरुको विवरण :**

| सि.नं. | नाम | पद | उमेर (बर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव | प्रस्तावित ब्यापार/ब्यबसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | अम्बिका लाल श्रेष्ठ (संस्थापक शेयरधनी समुहबाट) | अध्यक्ष | ५४ | नेपाली | न्त्योखा २५, काठमाडौं | १०,७५० | एम.बि.ए. | वरिष्ठ सहायक - नेपाल औध्योगिक बिकास निगम २०४४/०९/१७ देखी २०६१/०७/१६ सम्म<br>वरिष्ठ सहायक - कर्मचारी संचय कोष वि.स २०६३ देखी वि.स २०६५ सम्म<br>निजि व्यावसायमा संलग्न वि.स २०६५ देखी हालसम्म | विपिडब्लु लघुवित्तमा विभिन्न मितिमा संस्थापक अध्यक्ष भई ४ बर्षको अनुभव र विपिडब्लु लघुवित्तमा पुनः नियुक्त भई हाल अध्यक्ष पदमा कार्यरत । |
| २. | किशोर भाई बज्राचार्य (संस्थापक शेयरधनी समुहबाट) | सञ्चालक | ५४ | नेपाली | बालिफल १६, ललितपुर | १०,७०० | एम.बि.ए. | अन्तराष्ट्रिय गैरसरकारी संस्था (GTZ) को रुरल फाईनान्स नेपाल कार्यक्रममा Institutional Development Sector को professional - वि.स २०४९ देखी वि.स.२०६० साल सम्म<br>रिसोर्स एसोसियट् - गुड नाइबरहुड इन्टरनेशनल २०७६ श्रावण देखी २०७६ मंसिर सम्म | बिपिडब्लु लघुवित्त वित्तीय संस्था लि. मा निवर्तमान अध्यक्ष र संचालक पदमा रहि स्थापनाकाल देखि हाल सम्मसंलग्न |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | निर्देशक - डिजिटेक डट कम डट एन पी २०७६ मंसिर देखी हाल सम्म | |
| ३. | पुष्पराम श्रेष्ठ (संस्थापक शेयरधनी समुहबाट) | सञ्चालक | ३७ | नेपाली | मध्यपुर ठिमि ८, भक्तपुर | ८,७०० | एम.ए.सि.( कम्प्युटर साईन्स) | प्रमुख कार्यकारी अधिकृत - बिज इनसाइडर टेक नेपाल वि.स. २०७१ देखी हालसम्म | बिपिडब्लु लघुवित्त वित्तीय संस्था लि. स्थापनाकाल देखि हाल सम्म सञ्चालकको रुपमा संलग्न |
| ४. | सवीन प्रधानाङ्ग (संस्थापक शेयरधनी समुहबाट) | सञ्चालक | ३८ | नेपाली | मध्यपुर ठिमी ४, भक्तपुर | १०,००० | एम.बि.ए. | संचालक - हाम्रो स्वाबलम्बन सहकारीमा वि.सं २०७१ देखि २०७३ सम्म<br>संचालक - दुध पोखरी चेपे हाईड्रोपावर प्रा.लि मा वि.सं. २०७३ सालबाट हाल सम्म. | बिपिडब्लु लघुवित्त वित्तीय संस्था लि. मा स्थापनाकाल देखि हाल सम्म सञ्चालकको रुपमा संलग्न |
| ५. | तिर्थ रत्न कोनाजो (संस्थापक शेयरधनी समुहबाट) | स्वतन्त्र सञ्चालक | ६५ | नेपाली | सानेपा, ललितपुर | - | एम.बि.एस. | शाखा प्रवन्धक -हिमालयन बैंक लि. २०३८ चैत्र देखी २०५३ वैशाख सम्म<br>वरिष्ट अधिकृत - हिमालयन बैंक लि. २०५३ जेष्ठ देखी २०५५ जेष्ठ सम्म<br>स.महाप्रवन्धक - आरएमडिसी लघुवित्त वित्तीय संस्था लि. २०५६ कार्तिक देखी २०७३ श्रावण सम्म<br>प्रमुख कार्यकारी अधिकृत - एनएमवी लघुवित्त वित्तीय संस्था लि. २०७३ श्रावण देखी २०७५ श्रावण सम्म<br>लघुवित्त विज्ञ - लघुवित्त प्रशिक्षक २०७५ श्रावण देखी हालसम्म । | मिति २०७८/०९/०८ गते देखि बिपिडब्लु लघुवित्त वित्तीय संस्था लि. मा स्वतन्त्र संचालकको रुपमा संलग्न । |

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| सि.नं | संस्थापक कम्पनीको नाम | ठेगाना | कम्पनीले गर्ने व्यवसाय | सञ्चालकहरूको विवरण | | |
|---|---|---|---|---|---|---|
| | | | | **नाम** | **पद** | **ठेगाना** |
| १. | श्री पाटन विजिनेश एण्ड प्रोफेशनल वीमन | ललितपुर नगरपालिका, ललितपुर | समाज कल्याण | श्री प्रमिला शाक्य | अध्यक्ष | वडा नं. १६ ललितपुर |
| | | | | श्री नीरा जोशी | उपाध्यक्ष | वडा नं. २, सानेपा ललितपुर |
| | | | | श्री चाँदनी वैद्य | सचिव | वडा नं. ४, बागडोल ललितपुर |
| | | | | श्री रमणी श्रेष्ठ | सह सचिव | वडा नं. २०, पुल्चोक ललितपुर |
| | | | | श्री अमुल्य देवी शाक्य | कोषाध्यक्ष | वडा नं. २२, ललितपुर |

**(ग) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठन सँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| सि.नं. | संचालकको नाम, | ठेगाना | आबद्ध भएको संस्थाको नाम, ठेगाना |
|---|---|---|---|
| १. | अम्बिका लाल श्रेष्ठ | न्योखा २५, काठमाडौं | • हाल आवद्ध नभएको |
| २. | किशोर भाई बज्राचार्य | बालिफल १६, ललितपुर | • Digitek.com.np Pvt.Ltd. , काठमाण्डौं |
| ३. | पुष्पराम श्रेष्ठ | मध्यपुर ठिमि ८, भक्तपुर | • बिज इनसाईडर टेक नेपाल प्रा.लि. ,सातदोबाटो,ललितपुर |
| ४. | सवीन प्रधानाङ्ग | मध्यपुर ठिमी ४, भक्तपुर | • दुधपोखरी चेपे हाईड्रोपावर प्रा.लि.,कागेश्वरी मनहरा, काठमाण्डौं |

| | | | |
|---|---|---|---|
| ५. | तिर्थ रत्न कोनाजो | सानेपा, ललितपुर | ● हाल आवद्ध नभएको |

कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) (छ) तथा सूचिकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को व्यवस्थाहरु पूर्ण रुपमा पालना भएको छ ।

**(घ) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

अ) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई वित्तीय संस्थाको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन ।

आ) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाईने छैन ।

इ) वित्तीय संस्थाले कारोबार संचालन गरेको पाँच वर्ष नपुगेसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यस व्यवस्था बमोजिम वित्तीय संस्थाले कारोबार संचालन गरेको पाँच वर्ष नपुगे तापनि वित्तीय संस्थाको संचालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका बीचमा शेयर खरिद बिक्री गर्न सकिनेछ । तर, त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरूलाई दिनु पर्नेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरिद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संचालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिनेछ ।

ई) कुनै संस्थापक शेयरधनीको मृत्यु भएमा वा प्रचलित कानून बमोजिम पारिवारिक अंशवण्डा भएमा वा अदालतको आदेशले निजको शेयर हकवालामा नामसारी हुने भएमा खण्ड (ग) को बन्देज लागु हुने छैन ।

उ) सर्वसाधारण शेयर खरिद गर्दा १० अंकले भाग गर्दा शेष नरहने गरी न्यूनतम १० कित्ता शेयर वा अधिकतममा विवरणपत्रमा तोकिए बमोजिम शेयर खरिद गर्नका लागि निवेदन गर्न सक्नेछ । तर हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागु हुने छैन ।

ऊ) वित्तीय संस्थाका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहंदाको बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म सम्बन्धित वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुंदैन । तर बोनस शेयर, हकप्रद शेयर, कर्मचारीलाई छुट्टयाएको शेयर वा नयाँ शेयर जारी हुँदा वा राष्ट्र बैंकको निर्देशन कार्यान्वयन गर्दा वा कुनै संचालक वा संचालक नियुक्ति गर्न अधिकार पाएको संगठित संस्थाले वित्तीय संस्थामा आफ्नो नाममा रहेको सम्पूर्ण शेयर विक्री गर्दा वा बैंक वा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को परिच्छेद १० बमोजिम वित्तीय संस्था एक आपसमा गाभ्दा वा गाभिदा वा एउटा वित्तीय संस्थाले अर्को बैंक वा वित्तीय संस्था प्राप्ति गर्दा वा वित्तीय संस्थाको संचालनमा कुनै बाधा ब्यबधान उत्पन्न भएमा राष्ट्र बैंकको स्वीकृती लिई संस्थापक संचालक वा संचालक बीच एक आपसमा धितोपत्र खरिद बिक्री गर्ने वा समस्याग्रस्त बैंकको सुधारात्मक वा फरफारकको प्रकृयामा हुने शेयरको खरिद बिक्री वा हस्तान्तरण गर्ने गराउने काम कारबाहीलाई यो उपदफाले बाधा पुर्‍याएको मानिने छैन ।

ए) कसैले खण्ड (च) को विपरित काम गरेमा त्यस्तो धितोपत्र वित्तीय संस्थाले जफत गरी राष्ट्र बैंकले तोके बमोजिम बिक्री वितरण गरिनेछ ।

ऐ) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था ऐन, २०७३, कम्पनी ऐन, धितोपत्र कारोबार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

ओ) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३, धितोपत्र कारोबार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही साविकका संस्थापक शेयरधनी हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्ने भएमा प्रचलित कानून, विद्यमान नीतिगत व्यवस्था तथा नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशनको अधिनमा रही आफ्नो सम्पूर्ण वा आंशिक हक कुनै व्यक्ति वा संस्थालाई हक हस्तान्तरण गर्न प्रयोग गर्न सक्दछ ।

औ) "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम (१०) को उपनियम (१) मा भएको व्यवस्था अनुरुप धितोपत्र सार्वजनिक निष्काशन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण वाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

**ग.५.ख.संस्थापक/संचालकसँगको कारोबार :**

**क) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेका वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :**

वित्तीय संस्थाको संचालकहरुले संचालक समितिको बैठक भत्तामा अध्यक्षले प्रति बैठक भत्ता रु. ४००० र संचालकहरुले रु. ३००० का साथै संचार खर्च मासिक रु. ५०० का दरले बाहेक अन्य कुनै पनि संस्थापक/संचालकले यस संस्थाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेका छैनन् र सो सम्बन्धमा वित्तीय संस्थाले संस्थापक तथा संचालकबाट कुनै सम्पत्ति वा सेवा समेत प्राप्त गरेको छैनन् ।

**आ.व. २०७८/०७९ मा संचालकहरुलाई प्रदान गरेको भत्ता सम्बन्धी वास्तविक खर्च निम्न बमोजिम रहेको छ :**

| संचालक सदस्यहरु | बैठक संख्या | भत्ता रकम | संचार खर्च | खाजा खर्च |
|---|---|---|---|---|
| किशोरभाई वज्राचार्य | १५ | ५९,००० | ५,००० | ७०,८०० |
| सविन प्रधानांङ्ग | १५ | ४९,००० | ५,००० | |
| पूष्पराम श्रेष्ठ | १५ | ५२,५०० | ५,००० | |
| निरा जोशी | ९ | २८,००० | ३,००० | |
| विरकाजी शाक्य | ० | ० | ० | |
| अम्विकालाल श्रेष्ठ | ६ | २१,५०० | २,००० | |
| तिर्थरत्न कोनाजो | ६ | २१,५०० | २,००० | |
| **जम्मा** | | २,३१,५०० | २२,००० | |

**ख) बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

**ग.६.सीमित दायित्व सम्बन्धी विवरण :**

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरवालाहरुको दायित्व सीमित छ । यस वित्तीय संस्थाका शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

**ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :**

**ग.७. क.संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण ।

| क्र.सं. | कर्मचारीको नाम | पद | शैक्षिक योग्यता | नियुक्ति मिति | शेयर कित्ता | कार्यानुभव |
|---|---|---|---|---|---|---|
| १. | दिलिप कुमार पोखरेल | प्रमुख कार्यकारी अधिकृत | स्नातकोत्तर | २०७९/०१/२१ | नभएको | लघुवित्त तथा विकास बैंक क्षेत्रमा अधिकृत श्रेणी,व्यवस्थापकिय श्रेणी तथा प्रमुख कार्यकारी अधिकृतमा समेत रहि १९ वर्ष भन्दा बढिको कार्य अनुभव भएको |
| २. | डिल्लीराम भट्टराई | बरिष्ठ प्रबन्धक | स्नातकोत्तर | २०७९/०२/१६ | नभएको | विभिन्न लघुवित्त वित्तीय संस्थाहरुमा अधिकृत तथा व्यवस्थापकिय श्रेणीमा रहि करिब २० वर्षको कार्य अनुभव |
| ३. | सुदिप धवा | साहयक प्रबन्धक | स्नातकोत्तर | २०७६/०१/०२ | नभएको | फाईनान्स कम्पनी तथा लघुवित्त वित्तीय संस्थामा गरी करीब १२ वर्षको अनुभव |
| ४. | सहनी श्रेष्ठ | अधिकृत | स्नातक | २०७६/०१/०२ | नभएको | गैर सरकारी संस्था तथा लघुवित क्षेत्रमा गरी करीब २० बर्षको अनुभव |

ख) **कम्पनीका कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी सम्बन्धी विवरण**: सो नभएको ।

**ग) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने** :

| क्र.स. | कर्मचारीको नाम | पद | परिवर्तन भएको कारण |
|---|---|---|---|
| १. | प्रमिला शाक्य | प्रमुख कार्यकारी अधिकृत | घरायसी तथा व्यक्तिगत कारण |
| २. | प्रदिप कोईराला | निमित्त कार्यकारी अधिकृत | घरायसी तथा व्यक्तिगत कारण |

**घ) कर्मचारी संख्या** : स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य ।

| स्थायी | अस्थायी | ज्यालादारी | अन्य | कुल कर्मचारी संख्या |
|---|---|---|---|---|
| १४ | ४ | २ | ० | २० जना |

**ग.७.ख. संचालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**
**क) संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा :**
सञ्चालकले पाउने बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार देहाय बमोजिम रहेकोछ :

१. संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले पाउने प्रति बैठक भत्ता रु ४,००० /– र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता रु. ३,५००/– हुनेछ ।
२. वित्तीय संस्थाको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :
   - स्वदेशमा दैनिक भत्ता: रु.१,५००/–
   - भारतमा दैनिक भत्ता : रु.२,५००/–
   - भारत वाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता: अमेरिकी डलर १००/–
   - भ्रमण भत्ता विल वमोजिम ।

**ख) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका तीन जना अधिकृतहरुको नाम, पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि.नं. | कर्मचारीको नाम | पद | पारिश्रमिक रकम ( आ.ब.०७८/०७९) | कैफियत |
|---|---|---|---|---|
| १. | प्रमिला शाक्य | प्रमुख कार्यकारी अधिकृत | ५,६०,००० | हाल अवकास प्राप्त |
| २ | दिलिप कुमार पोखरेल | प्रमुख कार्यकारी अधिकृत | २,१०,७५८ | |
| ३. | प्रदिप कोईराला | नायव प्रमुख कार्यकारी अधिकृत/DCEO | ७,४३,२०७ | हाल अवकास प्राप्त |
| ४ | डिल्लीराम भट्टराई | वरिष्ठ प्रबन्धक | ८८,५९७ | |
| ५ | सुदिप धवा | साहयक प्रबन्धक | ५,८६,२१६ | |

**नोट :** साविकको प्रमुख कार्यकारी अधिकृत श्री प्रमिला शाक्यले मिति २०७८/१०/३० देखि राजिनामा दिई हाल कार्यरत प्रमुख कार्यकारी अधिकृत श्री दिलिप कुमार पोखरेल ले मिति २०७९/०१/२१ देखी कार्य गर्दै रहनुभएको साथै नायव प्रमुख कार्यकारी अधिकृत/DCEO श्री प्रदिप कोईरालाले मिति २०७९/०२/१६ देखि राजिनामा दिई उक्त पद रिक्त रहेको ।

**ग) कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण** :सो नभएको ।

**ग.८. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :**
**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी वर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नु पर्ने ।**

**क) वित्तीय साधनको अभावबाट हुने जोखिम :**
१. कर्जा लगानीमा असहज परिस्थिति सृजना भई ग्राहक सदस्यहरुबाट जम्मा गरिएको निक्षेप रकमको भुक्तानी दिन समस्या पर्न सक्ने जोखिम रहेको ।
२. नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
३. वित्तीय श्रोतको अभाववाट लगानीको दायरा संकुचित हुनसक्ने जोखिमहरु ।

**ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :** सो नभएको (उत्पादन कम्पनी नरहेको) ।

**ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

१. नयाँ वित्तीय संस्थाको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु ।
२. वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
३. निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु ।

**घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost overrun)को जोखिम :** सो नभएको (उत्पादन कम्पनी नरहेको) ।

**ङ) विदेशी विनिमयको जोखिम :** सो नभएको (विदेशी विनिमय कारोवार गर्ने नगरेको) ।

**च) कानुनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु :** सो नभएको (वित्तीय संस्थाको इजाजत प्राप्त भै सकेको) ।

**छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**

१. अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
२. पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

**ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमाहुने नीतिगत परिवर्तनबाट हुने जोखिम :**

१. देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।
२. देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
३. नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरु ।

**झ) संचालन इतिहासको अभाव :**

यस वित्तीय संस्थाले मिति २०७५/१०/१७ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृती प्राप्त गरी प्रदेश स्तरको “घ” वर्गको वित्तीय संस्थाको हैसियतले आफ्नो कारोबार मिति २०७६/०१/०२ गतेदेखि संचालन गरेकोले वित्तीय संस्थाको संचालन इतिहास छोटो रहेकोछ । यस वित्तीय संस्थाको कार्यक्षेत्र, ग्राहक संख्या, कर्जा लगानी, निक्षेप संकलन आदिको आधारमा हेर्दा यस वित्तीय संस्थाको संचालन इतिहासमा संस्थाको भुमिका लघुवित्त वित्तीय संस्थाहरुका बीच छोटो रहेता पनि पृथक देखिन्छ ।

**ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :**

प्रविधि सम्बन्धी परिवर्तनबाट वित्तीय संस्थाको संचालन तथा कारोबार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । वित्तीय संस्थाले प्रयोग गर्ने सफ्टवेयरमा प्रविधिको परिवर्तनबाट आउन सक्ने जोखिम व्यवस्थापनको लागि तथ्याङ्कहरुको सुरक्षार्थ Data Backup मा बिशेष सतर्कता अपनाईएको छ र त्यसबाट जोखिमलाई न्यूनिकरण गर्न वित्तीय संस्था सक्षम रहेको छ ।

**ट) अन्य :**

१. देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
२. देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
३. कोभिड १९ बाट पर्न सक्ने असर : विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ ले गर्दा विश्व अर्थतन्त्रलाई नै प्रभावित पारेको र नेपाल पनि यसबाट जोगिन सकेको छैन । यस विषम परिस्थितिमा दैनिक रुपमा संचालन गर्नु पर्ने ब्यापार, ब्यबसाय, उद्योग धन्दा लामो समय सम्म बन्द हुँदा लघुवित्त वित्तीय संस्थालाई यस महामारीले नराम्रो प्रभाव पारेकोछ । अर्थतन्त्रको समग्र क्षेत्रमा पर्न गएको असरले कर्जा असुली प्रकृयामा पर्न सक्ने जोखिम यथावत रहेकोछ र ग्राहकको ब्यबसायमा आएको मन्दीका कारण कर्जा प्रवाहमा कमी आउन सक्नेछ । जसले गर्दा संस्थाको ब्यबसाय विस्तार तथा नाफामा समेत असर पर्न सक्ने देखिन्छ ।

**उपरोक्त अनुसारको सम्भावित जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना ।**

लघुवित्त वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुनसक्ने जोखिमहरुको लागि लघुवित्त वित्तीय संस्थाले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गरेको छ । लघुवित्त वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पुर्‍याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने लघुवित्त वित्तीय संस्थाको नीति रहेको छ ।

साथै कोभिड १९ बाट पर्न सक्ने जोखिम न्युनिकरणको लागि कोभिड-१९ बाट उत्पन्न जोखिमको सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अवलम्बन भए गरेका जोखिम न्युनिकरणका उपायहरुको अवलोकन तथा अध्ययन गरी सोहि अनुरुप उपयुक्त व्यवसायिक रणनीति अनुशरण गर्ने ।

**जोखिम न्यूनिकरणका लागि संस्थाका सवारीसाधन, स्थिर सम्पत्तिहरु तथा भल्टको बीमा गरेको बिवरण :**

| क्र.स. | विमा | विमा कम्पनीको नाम | सुरु हुने मिति | अवधी * | प्रिमियम रकम | विमा रकम |
|---|---|---|---|---|---|---|
| १ | सम्पती विमा | सिद्धार्थ ईन्स्योरेन्स क. | २०७८/०६/१९ | २०७९/०६/१८ | २७५६।३५ | १३,०७,७०९।०० |
| २ | मार्गास्थ नगद | सिद्धार्थ ईन्स्योरेन्स क. | २०७८/०६/1 | २०७९/०६/१८ | २२,४८१।३५ | ४५,००,०००।०० |
| ३ | सवारी विमा | अजोड ईन्स्योरेन्स | २०७९/०३/२१ | २०८०/०३/२० | ७८७१।७५ | ३,८४,९००।०० |
| ४ | कर्मचारी दुर्घटना विमा | सगरमाथा ईन्स्योरेन्स क. | २०७९/०५/१५ | २०८०/०५/१४ | ७०२०।०० | ३५,००,०००।०० |
| ५ | कर्मचारीको दुर्घटना,औषधी उपचार, घातक रोग | सगरमाथा ईन्स्योरेन्स क. | २०७९/०५/१५ | २०८०/०५/१४ | २७,२२२।०० | १,५३,००,०००।०० |
| ६ | कर्जा सुरक्षण | निक्षेप तथा कर्जा सुरक्षण निगम | २०७९/०४/०१ | २०८०/०३/३२ | ४,०३,४५५।५८ | २०१,७२७,७९४।५० |

**नोट * : माथि उल्लेखित बिमा लेखको समयावधि समाप्त भएको खण्डमा नविकरण गरिनेछ ।**

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :**
रु.१००/–प्रति शेयरका दरले निष्कासन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबारमा उतार चढाव आउन सक्ने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**९. वित्तीय विवरण :**

**ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :**

**संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण :**

वित्तीय संस्थाको आ.व. २०७७/७८ को वासलात, नाफा–नोक्सान हिसाब, नाफा–नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाहको विवरण निम्नानुसार छ :-

**वासलात (आषाढ मसान्त, २०७८)**

| पूँजी तथा दायित्व | रकम (रु.हजारमा) |
|---|---|
| | |
| १. शेयर पूँजी | २०,३००.०० |
| २. जगेडा तथा कोषहरु | (२,६८४.९१) |
| ३. ऋणपत्र तथा बण्ड | - |
| ४. तिर्न बाँकी कर्जा सापट | १,०३,५७६.४७ |
| ५. निक्षेप दायित्व | ३४,३४६.२८ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - |

| | |
|---|---|
| ८. आयकर दायित्व | - |
| ९. अन्य दायित्व | २,६८१.३८ |
| **कुल पूँजी तथा दायित्व** | **१,५८,२१९.२२** |
| **सम्पत्ति** | **रकम (रु.हजारमा)** |
| १. नगद मौज्दात | ३०५.६९ |
| २ नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | ७,४८१.९४ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - |
| ५. लगानी | - |
| ६. कर्जा सापट तथा बिल खरिद | १,४७,०१५.५१ |
| ७. स्थिर सम्पत्ति | १,२५२.६५ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - |
| ९. अन्य सम्पत्ति | २,१६३.४३ |
| **कुल सम्पत्ति** | **१,५८,२१९.२२** |

**नाफा नोक्सान हिसाव (श्रावण १, २०७७ देखि आषाढ मसान्त २०७८)**

| **विवरण** | **रकम (रु.हजारमा)** |
|---|---|
| १. व्याज आम्दानी | २१,८१४.७८ |
| २. व्याज खर्च | (८,३५०.२६) |
| **खुद ब्याज आम्दानी** | **१३,४६४.५२** |
| ४. कमिशन तथा अन्य सन्चालन आम्दानी | २,९५६.१९ |
| ५. सटही घटबढ आम्दानी | ६०.६२ |
| **कुल संचालन आम्दानी** | **१६,४८१.३३** |
| ६. कर्मचारी खर्च | ६,९२४.६६ |
| ७. अन्य संचालन खर्च | ३७६१.८९ |
| ८. सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **५,७९४.७९** |
| ९. सम्भावित नोक्सानी | ५१५७.६२ |
| **संचालन मुनाफा/(नोक्सान)** | **६३७.१७** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | - |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **६३७.१७** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **६३७.१७** |
| १३.कर्मचारी बोनस व्यवस्था | ६३.७२ |
| १४.आयकर ब्यबस्था | **३३७.९१** |
| यस वर्षको | ११.४२ |
| गत वर्षको | - |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | ३२६.४९ |
| **खुद मुनाफा/(नोक्सान)** | **२३५.५४** |
| शेयर संख्या (हजारमा) | **२०३** |
| प्रति शेयर आम्दानी (रु.) | **१.१६** |

**नाफा नोक्सान बाँडफाँड हिसाव (श्रावण १, २०७७ देखि आषाढ मसान्त २०७८)**

| **विवरण** | **रकम (रु. हजारमा)** |
|---|---|
| **आम्दानी** | |
| १. गत वर्षसम्मको संचित मुनाफा | - |
| २. यस वर्षको मुनाफा | २३५.५४ |
| ३. सटही घटबढ कोष | - |
| ४. स्थगन कर | - |
| ५. जगेडा कोष समायोजन | - |
| ६. गत बर्षको संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट फिर्ता रकम | - |
| ७. गत बर्षको कर्मचारीहरुको दक्षता अभिवृद्धि कोषबाट फिर्ता रकम | - |

| | |
|---|---|
| ८. गत सालको शेयर प्रिमियम | - |
| **जम्मा** | **२३५.५४** |
| **खर्च** | |
| १. गत वर्षसम्मको संचित नोक्सान | ५,१२८.९० |
| २. यस वर्षको नोक्सान | - |
| ३. साधरण जगेडा कोष | ४७.११ |
| ४. भैपरी आउने जगेडा (पर सारेको कर) | - |
| ५. संस्था विकास कोष | - |
| ६. लाभांश समीकरण कोष | - |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | - |
| ८. प्रस्तावित लाभांश | - |
| ९. प्रस्तावित बोनस शेयर जारी | - |
| १०. विशेष जगेडा कोष | - |
| ११. सटही घटबढ कोष | १५.१५ |
| १२. पूँजी फिर्ता जगेडा कोष | - |
| १३. पूँजी समायोजन कोष | - |
| १४. अन्य (स्थगन कर जगेडा) | |
| १५. लगानी समायोजन कोष | - |
| १५. गत वर्ष सम्बन्धी समायोजन | - |
| १५. सामाजिक उत्तरदायित्व कोष | २.३६ |
| १६. ग्राहक संरक्षणकोष | २.३६ |
| १७. कर्मचारीहरुको दक्षता अभिवृद्धि कोष | - |
| **जम्मा** | **५,१९५.८७** |
| **सञ्चित मुनाफा/(नोक्सान)** | (४९६०.३३) |

**नगद प्रवाह विवरण (श्रावण १, २०७७ देखि आषाढ मसान्त २०७८)**

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| **क) कारोबार सञ्चालनबाट नगद प्रवाह** | **५,७१४.१२** |
| **१. नगद प्राप्ति** | **२४,८३१.५९** |
| १.१ ब्याज आम्दानी | २१,८१४.७८ |
| १.२ कमिशन तथा डिष्काउण्ट आम्दानी | ३,०१६.८१ |
| १.३ विदेशी विनिमय कारोबारबाट आम्दानी | - |
| १.४ अपलेखित कर्जाको असूली | - |
| १.५ अन्य आम्दानी | - |
| **२. नगद भुक्तानी** | **१,८५८९.७८** |
| २.१. ब्याज खर्च | ८,३५०.२६ |
| २.२ कर्मचारी खर्च | ६,९२४.६६ |
| २.३ कार्यालय संचालन खर्च | ३,३१४.८३ |
| २.४ आयकर भुक्तानी | ०.०५ |
| २.५ अन्य खर्च | - |
| **कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह** | **६,२४१.८०** |
| सञ्चालन सम्बन्धि चालु सम्पतिमा कमी/(बृद्धि) | (५३,७०४.६५) |
| १. माग तथा अल्प सुचनामा प्राप्त हुने रकममा कमी/(बृद्धि) | - |
| २. अन्य अल्पकालीन लगानीमा कमी/(बृद्धि) | - |
| ३. कर्जा तथा विल्स खरीदमा कमी/(बृद्धि) | (५३,५१७.४२) |
| ४. अन्य सम्पत्तिमा कमी/(बृद्धि) | (१८७.२३) |
| **सञ्चालन सम्बन्धि चालु दायित्वमा कमी/(बृद्धि)** | **५३,१७६.९६** |
| १. निक्षेप दायित्वमा कमी व्रद्धि | ५७८६.८७ |
| २. सर्टिफिकेट अफ डिपोजितमा (कमी)/बृद्धि | - |
| ३. अल्पकालीन सापटीमा (कमी)/बृद्धि | ४६,३३६.६१ |
| ४. अन्य दायित्वमा (कमी)/बृद्धि | १०५३.४९ |
| **ख) लगानी कारोबारमा नगद प्रवाह** | **(१२७.८४)** |
| १. दीर्घकालीन लगानीमा कमी/(बृद्धि) | - |
| २. शेयर तथा डिबेञ्चर बिक्रीबाट प्राप्त रकम | - |

| | |
|---|---|
| ३. स्थिर सम्पतिमा कमी/(बृद्धि) | (१२७.८४) |
| ४. दीर्घकालीन लगानीमा व्याज आम्दानी | - |
| ५. लाभाशं आम्दानी | - |
| ६. अन्य | - |
| **ग) वित्तीय कारोबारबाट नगद प्रवाह** | **-** |
| १. दीर्घकालीन ऋण (बण्ड, डिबेञ्चर आदि) मा बृद्धि/(कमी) | - |
| २. शेयर पूँजीमा बृद्धि/(कमी) | - |
| ३. अन्य दायित्वमा बृद्धि/(कमी) | - |
| ४. लाभांश भुक्तानी | - |
| ५. मर्जर पछि शेयर पुंजी तथा कोषमा भएको परिवर्तनको समायोजन | - |
| **घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | **-** |
| **ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | **५५८६.२८** |
| **च) नगद तथा बैंकमा रहेको शुरुको मौज्दात** | **२२०१.३४** |
| **छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **७७८७.६२** |

**नोट :** आ.व.२०७७/०७८ को वार्षिक लेखापरिक्षण प्रतिवेदन तथा सोका आधारमा तयार पारिएको वित्तीय विवरणहरु नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार NFRS आधारमा तयार गर्नुपर्नेमा NFRS बमोजिम नरहेकाले लेखापरीक्षकले लेखापरीक्षणको राय दिन नसकिने लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको । तर उक्त आ.व. मा NFRS आधारमा तयार गर्नुपर्ने प्रावधान यस कम्पनीलाई लागु भईसकेको थिएन ।
साथै, माथि उल्लेखित वित्तीय विवरणमा उल्लेख भएको **अन्य सम्पत्ति** अन्तर्गत **Sundry Debtors** मा उल्लेखित प्राप्य रकम रु. ३९,१२,३४८/- तत्कालिन कर्मचारीले हिनामिना गरेको रकम हो । सो सम्बन्धमा श्री ललितपुर जिल्ला अदालतमा मुद्धा दायर गरी कारवाही गर्दा मिति २०७३ पौष ६ गते दायित्व सृजना भएको कर्मचारी विरुद्ध असुल उपर गर्न निर्णय दिईएको तर हाल सम्म पनि निज फरार रहेको साथै हाल प्रचलित कानून बमोजिम निजसंग असुल उपर गर्न पहल भई रहेको छ ।

साथै यस वित्तीय संस्थाको निष्कृय कर्जा कम गर्न तथा कायक्रमको गुणस्तरमा वृद्धी गर्न रणनीति तयार गरी लागू गरिएको छ । उक्त रणनीतिहरु निम्न बमोजिम रहेका छन् :

<u>**रणनीतिहरु**</u>
१) प्रभावकारी केन्द्र बैठक सञ्चालन गर्ने विधि
२) कर्जा विश्लेषण गर्दा अनिवार्य गर्नुपर्ने कार्यहरु
३) कर्जा सदुपयोगिता जाँच गर्नको लागि गर्नुपर्ने तरीका
४) कर्जा स्वीकृत गर्दा गरीने कार्य (विश्लेषण) तथा प्रक्रियाहरु
५) केन्द्रीय कार्यालय वा अनुगमनबाट कर्जा स्वीकृत गराउदा कागाजातहरु संलग्न गरी वा सफ्टवेयरमा अध्यावधिक गरी तोकिएको सम्बन्धीत कर्मचारी समक्ष पेश गर्नु पर्ने ।

**कम्पनीको आ.व. २०७९/०८० को पहिलो त्रैमासको व्यवस्थापनबाट प्रमाणित भएको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण**

**वासलात**

| पूँजी तथा दायित्व | आ.व. २०७९/८०<br>पहिलो त्रैमास<br>रु.हजारमा |
|---|---|
| १. शेयर पूँजी | २०,३००.०० |
| २. जगेडा तथा कोषहरु | (२,७४०.१४) |
| ३. ऋणपत्र तथा बण्ड | – |
| ४. तिर्न बाँकि कर्जा सापट | १२०,९१०.७९ |
| ५. निक्षेप दायित्व | ४७,७५४.२४ |
| ६. प्रस्तावित नगद लाभाँश | – |
| ७. आयकर दायित्व | ४५०.१९ |
| ८. अन्य दायित्व | ४,४०६.८४ |
| **कूल पुंजी तथा दायित्व** | **१९१,०८१.९२** |
| **सम्पत्ति** | – |
| १. नगद मौज्दात (सिक्का समेत) | १६९.५८ |

| | |
|---|---|
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | – |
| ३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात | ५,८४६.८६ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | – |
| ५. लगानी | – |
| ६. कर्जा सापट | १८२,८०५.४९ |
| ७. स्थिर सम्पत्ति | १,४८९.१० |
| ८. गैर बैकिङ्ग सम्पत्ति | – |
| ९. अन्य सम्पत्ति | ७७०.८८ |
| **कुल सम्पत्ति** | **१९१,०८१.९२** |

**नाफा नोक्सान हिसाव**

| विवरण | आ.व. २०७९/८० पहिलो त्रैमास रु.हजारमा |
|---|---|
| १. व्याज आम्दानी | ६,८४३.४२ |
| २. व्याज खर्च | ५,३२६.७८ |
| **खुद व्याज आम्दानी** | **१,५१६.६४** |
| ३. कमिशन तथा अन्य सञ्चालन आम्दानी | ४९१.०३ |
| ४. सटही घटबढ आम्दानी | – |
| **कुल सञ्चालन आम्दानी** | **२,००७.६८** |
| ५. कर्मचारी खर्च | २,३३८.६९ |
| ६. अन्य सञ्चालन खर्च | ७४३.६८ |
| ७. सटही घटबढ नोक्सान | – |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **(१,०७४.६९)** |
| ८. सम्भावित नोक्सानी व्यवस्थाहरु | १,५११.९६ |
| **सञ्चालन मुनाफा** | **(२,५८६.६६)** |
| ९. गैर संचालन आम्दानी /खर्च | – |
| १०. सम्भावित नोक्सानी व्यवस्था बाट फिर्ता | – |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **(२,५८६.६६)** |
| ११. असामान्य कारोवारवाट भएको आम्दानी /खर्च | – |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **(२,५८६.६६)** |
| १२. कर्मचारी वोनस व्यवस्था | – |
| १३. आयकर व्यवस्था | – |
| यस वर्षको कर व्यवस्था | – |
| विगत वर्षसम्मको कर व्यवस्था | – |
| यस वर्षको स्थगन कर आम्दानी/खर्च | – |
| **खुद नाफा/नोक्सान** | **(२,५८६.६६)** |

**नगद प्रवाह विवरण**

| | विवरण | आ.व. २०७९/८० पहिलो त्रैमास रु.हजारमा |
|---|---|---|
| **(क)** | **कारोवार सञ्चालनबाट नगद प्रवाह** | (७४४.०८) |
| **१** | **नगद प्राप्ति** | **७,३३४.४६** |
| १.१ | ब्याज आम्दानी | ६,८४३.४२ |
| १.२ | अपलेखित कर्जाको असुली | – |

| | | |
|---|---|---|
| १.३ | कमिशन तथा अन्य आम्दानी | ४९१.०३ |
| **२** | **नगद भुक्तानी** | **८,१८४.०५** |
| २.१ | व्याज खर्च | ५,३२६.७८ |
| २.२ | कर्मचारी खर्च | २,११०.१६ |
| २.३ | कार्यालय संचालन खर्च | ७४३.६८ |
| २.४ | आयकर भुक्तानी | ०.४८ |
| २.५ | अन्य खर्च | २.९४ |
| | **कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह** | **(८४९.५९)** |
| | **सञ्चालन सम्वन्धि चालु सम्पत्तिमा कमी/(वृद्धि)** | **४,७३८.५१** |
| १ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी-(वृद्धि) | – |
| २ | अन्य अल्पकालिन लगानीमा कमी–(वृद्धि) | – |
| ३ | कर्जामा कमी–(वृद्धि) | ४,७१४.०३ |
| ४ | अन्य सम्पतिमा कमी–(वृद्धि) | २४.४८ |
| | **सञ्चालन सम्वन्धि चालु दायित्वमा (कमी)–वृद्धि** | **(४,६३३.००)** |
| १ | निक्षेप दायित्वमा (कमी)–वृद्धि | (१५९.०६) |
| २ | अल्पकालिन सापटीमा (कमी)–वृद्धि | (४,७४६.६३) |
| ३ | अन्य दायित्वमा (कमी)–वृद्धि | २७२.६८ |
| **.(ख)** | **लगानी कारोवारमा नगद प्रवाह** | **(२.२०)** |
| १ | दीर्घकालिन लगानीमा कमी–(वृद्धि) | – |
| २ | स्थीर सम्पतिमा कमि–(वृद्धि) | (२.२०) |
| ३ | दीर्घकालिन लगानीमा व्याज आम्दानी | – |
| ४ | लाभांश आम्दानी | – |
| ५ | अन्य | – |
| **(ग)** | **वित्तिय श्रोत कारोवारवाट नगद प्रवाह** | **–** |
| १ | दीर्घकालिन ऋण (वण्ड,डिवेन्चर आदी) मा वृद्धि /(कमी) | – |
| २ | शेयर पूँजिमा वृद्धि/(कमी) * | – |
| ३ | अन्य दायित्वमा वृद्धि/(कमी) | – |
| ४ | नेपाल राष्ट्र बैंकवाट प्राप्त सहुलियत–पूरनकर्जामा वृद्धि/(कमी) | – |
| ५ | पूर्व संचालन खर्च | – |
| **(घ)** | **सम्पति तथा दायित्व हस्तान्तरण बाट वचत** | **–** |
| **(घ)** | **नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकवाट आम्दानी-खर्च** | **–** |
| **.(ङ)** | **यस वर्षको सर्म्पूण गतिविधिबाट नगद प्रवाह** | **(७४६.२८)** |
| **.(च)** | **यस वर्षको बैंकमा रहेको शूरु मैज्दात** | **६,७६२.७३** |
| **(छ)** | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **६,०१६.४५** |

**ख) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको वित्तीय विवरण :**

**वासलात**

| **विवरण** | **वास्तविक (रकम (रु.हजारमा))** | | |
|---|---|---|---|
| | **आ.व. ०७५/७६** | **आ.व. ०७६/७७** | **आ.व.०७७/०७८** |
| १. शेयर पूँजी | २०,३०० | २०,३०० | २०,३०० |
| २. जगेडा तथा कोषहरु | ३५३.१३ | (२,९२०.४४) | (२,६८४.९१) |

| | | | |
|---|---|---|---|
| ३. ऋणपत्र तथा बण्ड | – | – | – |
| ४. तिर्न बाँकी कर्जा सापट | ९,७६१.९२ | ५७,२३९.८७ | १०३,५७६.४७ |
| ५. निक्षेप दायित्व | **१६,७६७.०८** | **२८,५५९.४** | **३४,३४६.२८** |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | – | – | – |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | – | – | – |
| ८. आयकर दायित्व | – | – | – |
| ९. अन्य दायित्व | ३०१.१० | १५,६४.१८ | २,६८१.३८ |
| **कुल पूँजी तथा दायित्व** | **४७,४८३.२३** | **१०४,७४३** | **१५,८२१९.२२** |
| **सम्पत्ति** | | | |
| १. नगद मौज्दात | ६.२३ | ९३.७६ | ३०५.६८ |
| २ नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | – | – | – |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | १३०.०० | २,१०७.५८ | ७,४८१.९४ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | २४,२६९.२३ | – | – |
| ५. लगानी | – | – | – |
| ६. कर्जा सापट तथा बिल खरिद | २०,६८०.२८ | ९८,३९८.६० | १४७,०१५.५१ |
| ७. स्थिर सम्पत्ति | १,४०१.३८ | १,५७१.८८ | १,२५२.६५ |
| ८. गैर बैंकिङ्क सम्पत्ति | – | – | – |
| ९.अन्य सम्पत्ति | ९९६.१० | २,५७१.१९ | २,१६३.४३ |
| **कुल सम्पत्ति** | **४७,४८३.२३** | **१०४,७४३** | **१५८,२१९.२२** |

**नाफा वा नोक्सान विवरण**

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | **आ.व. ०७५/७६** | **आ.व. ०७६/७७** | **आ.व.०७७/०७८** |
| १. व्याज आम्दानी | २,०८९.३० | १०,०८४.४४ | २१,८१४.७८ |
| २. व्याज खर्च | ४८०.८८ | ४,६५३.१५ | ८,३५०.२६ |
| **खुद ब्याज आम्दानी** | **१,६०८.४२** | **५,४३१.३०** | **१३,४६४.५२** |
| ४. कमिशन तथा अन्य सन्चालन आम्दानी | १५८.८४ | २,८५५.०१ | २,९५६.१९ |
| ५. सटही घटबढ आम्दानी | १६८.८७ | – | **६०.६२** |
| **कुल संचालन आम्दानी** | **१,९३६.१३** | **८२८६.३१** | **१६,४८१.३३** |
| ६. कर्मचारी खर्च | १,१६०.१० | ५,५५६.७५ | ६,९२४.६६ |
| ७. अन्य संचालन खर्च | १,४७७.४९ | ३,२६३.३६ | ३,७६१.८९ |
| ८. सटही घटबढ नोक्सान | – | ४,८७.६८ | – |
| **सम्भावित नोक्सनी ब्यबस्था अधिको संचालन मुनाफा** | **(७०१.४६)** | **(१,०२१.४९)** | **५,७९४.७९** |
| ९. सम्भावित नोक्सानी | १,९३२.२७ | ४,८५९.७१ | ५१५७.६२ |
| **संचालन मुनाफा/(नोक्सान)** | **(२,६३३.७३)** | **(५,८८१.२)** | **६३७.१७** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | – | ४१.८५ | – |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | ३.४३ | १,२१९.०६ | – |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **(२,६३०.३०)** | **(४,६२०.२९)** | **६३७.१७** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | – | – | – |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | – | – | – |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **(२,६३०.३०)** | **(४,६२०.२९)** | **६३७.१७** |
| १३.कर्मचारी बोनस व्यवस्था | – | | ६३.७२ |
| १४.आयकर ब्यबस्था | (७७४.९७) | (१३६०.५१) | ३३७.९१ |
| यस वर्षको | २.४२ | ६.४९ | ११.४२ |
| गत वर्षको | – | – | – |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | (७७७.३९) | (१३६७.००) | ३२६.४९ |
| **खुद मुनाफा/(नोक्सान)** | **(१,८५५.३३)** | **(३२५९.७८)** | **२३५.५४** |
| शेयर संख्या (हजारमा) | २०३ | २०३ | २०३ |
| प्रति शेयर आम्दानी (रु.) | (९.१३) | (१६) | १.१६ |

## नगद प्रवाह विवरण

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | आ.व. ०७५/७६ | आ.व. ०७६/७७ | आ.व.०७७/०७८ |
| **क) कारोबार सञ्चालनबाट नगद प्रवाह** | **(२०,३५८.८९)** | **२७३१.०७** | **५७१४.१२** |
| **१. नगद प्राप्ति** | २,३६१.८५ | १२,९८१.३० | २४८३१.५९ |
| १.१ ब्याज आम्दानी | २,०८९.३० | १०,०८४.४४ | २१८१४.७८ |
| १.२ कमिशन तथा डिष्काउण्ट आम्दानी | २७२.५६ | २,८९६.८६ | ३०१६.८१ |
| १.३ विदेशी विनिमय कारोबारबाट आम्दानी | - | - | - |
| १.४ अपलेखित कर्जाको असूली | - | - | - |
| १.५ अन्य आम्दानी | - | - | - |
| **२. नगद भुक्तानी** | २,७१६.८५ | १३,०३८.९८ | १८५८९.७८ |
| २.१. ब्याज खर्च | ४८१ | ४६५३.१५ | ८३५०.२६ |
| २.२ कर्मचारी खर्च | १,१६०.१० | ५,५५६.७५ | ६९२४.६६ |
| २.३ कार्यालय संचालन खर्च | **८६५.५४** | **२,७३७.९०** | **३३१४.८३** |
| २.४ आयकर भुक्तानी | २१०.३३ | ६१.१८ | **०.०५** |
| २.५ अन्य खर्च | - | - | - |
| **कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह** | (३५४.९९) | (५७.६७) | ६२४१.८० |
| सञ्चालन सम्बन्धि चालु सम्पतिमा कमी/(बृद्धि) | (४८,०९०.९७) | (५७,२४३.१४) | (५३७०४.६५) |
| १. माग तथा अल्प सुचनामा प्राप्त हुने रकममा कमी/(बृद्धि) | (२४,२६९.२३) | २४,२६९.२३ | - |
| २. अन्य अल्पकालीन लगानीमा कमी/(बृद्धि) | - | - | - |
| ३. कर्जा तथा विल्स खरीदमा कमी/(बृद्धि) | (२२,७९९.०२) | (८१,३५८.९७) | (५३५१७.४२) |
| ४. अन्य सम्पत्तिमा कमी/(बृद्धि) | (१०२२.७२) | (१५३.४०) | (१८७.२३) |
| **सञ्चालन सम्बन्धि चालु दायित्वमा कमी/(बृद्धि)** | **२८,०८७.०७** | **६०,०३१.८८** | **५३१७६.९६** |
| १. निक्षेप दायित्वमा कमी व्रद्धि | १६,७६७.०८ | ११,७९२.३२ | ५७८६.८७ |
| २. सर्टिफिकेट अफ डिपोजितमा (कमी)/बृद्धि | | - | - |
| ३. अल्पकालीन सापटीमा (कमी)/बृद्धि | ९,८१७.०७ | ४६,९७६.४८ | ४६३३६.६१ |
| ४. अन्य दायित्वमा (कमी)/बृद्धि | १,५०२.९३ | १,२६३.०८ | १०५३.४९ |
| **ख) लगानी कारोबारमा नगद प्रवाह** | **(१,७७२.५७)** | **(६६५.९५)** | **(१२७.८४)** |
| १. दीर्घकालीन लगानीमा कमी/(बृद्धि) | - | - | - |
| २. शेयर तथा डिबेञ्चर बिक्रीबाट प्राप्त रकम | - | - | - |
| ३. स्थिर सम्पतिमा कमी/(बृद्धि) | (१,७७२.५७) | (६६५.९५) | १२७.८४ |
| ४. दीर्घकालीन लगानीमा ब्याज आम्दानी | - | - | - |
| ५. लाभाशं आम्दानी | - | - | - |
| ६. अन्य | - | - | - |
| **ग) वित्तीय कारोबारबाट नगद प्रवाह** | २०,०५९.२३ | - | - |
| १. दीर्घकालीन ऋण (बण्ड, डिबेञ्चर आदि) मा बृद्धि/(कमी) | | - | - |
| २. शेयर पूँजीमा बृद्धि/(कमी) | २०,३००.०० | - | - |
| ३. अन्य दायित्वमा बृद्धि/(कमी) | - | - | - |
| ४. लाभांस भुक्तानी | - | - | - |
| ५. मर्जर पछि शेयर पुंजी तथा कोषमा भएको परिवर्तनको समायोजन | - | - | - |
| ६. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनरकर्जामा बृद्धि/(कमी) | - | - | - |
| ७. पूर्व संचालन खर्च | (२४०.७७) | | |
| **घ)सम्पत्ती तथा दायित्व हस्तान्तरण वाट बचत** | **२२०८.४६** | | |
| **ङ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | - | - | - |
| **च)यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | **१३६.२३** | **२,०६५.१२** | **५५८६.२८** |
| **छ)नगद तथा बैंकमा रहेको शुरुको मौज्दात** | - | **१३६.२३** | २२०१.३४ |
| **ज)नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **१३६.२३** | **२,२०१.३५** | **७७८७.६२** |

**ग) आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात् विवरणपत्र स्वीकृतीको लागी पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण :**

यस कम्पनीको आ.व २०७८/७९ को आषाढ मसान्त सम्मको व्यवस्थापनबाट प्रमाणित गरिएका (वित्तीय विवरणहरु) अपरिष्कृत वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरणहरु देहाय बमोजिम रहेका छन् ।

**वासलात**

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| **पूँजी तथा दायित्व** | |
| १. शेयर पूँजी | २०,३०० |
| २. जगेडा तथा कोषहरु | (१५३.४८) |
| ३. ऋणपत्र तथा बण्ड | – |
| ४. तिर्न बाँकि कर्जा सापट | १२५,६५७.४१ |
| ५. निक्षेप दायित्व | ४७,९१३.२९ |
| ६. प्रस्तावित नगद लाभाँश | – |
| ७. आयकर दायित्व | ४५०.१९ |
| ८. अन्य दायित्व | ३,९०२.६९ |
| **कूल पुँजी तथा दायित्व** | **१९८,०७०.११** |
| **सम्पत्ति** | |
| १. नगद मौज्दात (सिक्का समेत) | ४६५.२९ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | – |
| ३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात | ६,२९७.४४ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | – |
| ५. लगानी | – |
| ६. कर्जा सापट | १८९,०३१.४९ |
| ७. स्थिर सम्पत्ति | १,४८६.९० |
| ८. गैर बैकिङ्ग सम्पत्ति | – |
| ९. अन्य सम्पत्ति | ७८८.९९ |
| **कुल सम्पत्ति** | **१९८,०७०.११** |

**नाफा नोक्सान हिसाब**

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| १. व्याज आम्दानी | २८,०३३.५५ |
| २. व्याज खर्च | १६,२०२.४५ |
| **खुद व्याज आम्दानी** | **११,८३१.१०** |
| ३. कमिशन तथा अन्य सञ्चालन आम्दानी | ४,७६७.९४ |
| ४. सटही घटबढ आम्दानी | – |
| **कुल सञ्चालन आम्दानी** | **१६,५९९.०४** |
| ५. कर्मचारी खर्च | ७,५७१.३९ |
| ६. अन्य सञ्चालन खर्च | ४,३६३.५० |
| ७. सटही घटबढ नोक्सान | – |
| **सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा** | **४,६६४.१५** |
| ८. सम्भावित नोक्सानी व्यवस्थाहरु | – |
| **सञ्चालन मुनाफा** | **४,६६४.१५** |
| ९. गैर संचालन आम्दानी /खर्च | – |
| १०. सम्भावित नोक्सानी व्यवस्था बाट फिर्ता | १८०.०८ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **४,८४४.२३** |
| ११. असामान्य कारोवारवाट भएको आम्दानी /खर्च | – |

| | |
|---|---|
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **४,८४४.२३** |
| १२. कर्मचारी वोनस व्यवस्था | ४८४.४२ |
| १३. आयकर व्यवस्था | १,८२८.३८ |
| यस वर्षको कर व्यवस्था | ४५०.१९ |
| विगत वर्षसम्मको कर व्यवस्था | - |
| यस वर्षको स्थगन कर आम्दानी/खर्च | १,३७८.१९ |
| **खुद नाफा/नोक्सान** | **२,५३१.४३** |

**नाफा नोक्सान बाँडफाँड हिसाब**

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| **आम्दानी** | |
| १. गत वर्षसम्मको सञ्चित मूनाफा | - |
| २. यस वर्षको खूद मूनाफा | २,५३१.४३ |
| ३. सटही घटबढ कोष | - |
| ४. ग्राहक संरक्षण कोषबाट फिर्ता | - |
| ५. संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट फिर्ता | - |
| **जम्मा** | **२,५३१.४३** |
| **खर्च** | |
| १. गत वर्ष सम्मको संचित नोक्सान | ४,९६०.३३ |
| २. यस वर्षको नोक्सान | - |
| ३. साधारण जगेडा कोष | ५०६.२९ |
| ४. भैपरी आउने जगेडा | - |
| ५. संस्था विकास कोष | - |
| ६. लाभांश समीकरण कोष | - |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | - |
| ८. प्रस्तावित लाभांश (कर सहित) | - |
| ९. प्रस्तावित बोनस शेयर जारी (कर सहित) | - |
| १०. विशेष जगेडा कोष | - |
| ११. सटही घटवढ कोष | - |
| १२. पूँजी फिर्ता जगेडा कोष | - |
| १३. पूँजी समायोजन कोष | - |
| १४. ग्राहक संरक्षण कोष | २५.३१ |
| १५. कर्मचारी दक्षयता अभिबृद्धि कोष | - |
| १६. संस्थागत सामाजिक उत्तरदायित्व कोष | २५.३१ |
| १७. स्थगन कर जगेडा | - |
| **जम्मा** | **५,५१७.२५** |
| **सञ्चित मूनाफा (नोक्सान)** | (२,९८५.८२) |

**नगद प्रवाह विवरण**

| | विवरण | रकम (रु.हजारमा) |
|---|---|---|
| (क) | **कारोवार सञ्चालनबाट नगद प्रवाह** | (३२३.५९) |
| **१** | **नगद प्राप्ति** | **३२,८०१.४९** |
| १.१ | ब्याज आम्दानी | २८,०३३.५५ |
| १.२ | अपलेखित कर्जाको असुली | - |
| १.३ | कमिशन तथा अन्य आम्दानी | ४,७६७.९४ |
| **२** | **नगद भुक्तानी** | **२७,६२५.४५** |
| २.१ | व्याज खर्च | १६,२०२.४५ |
| २.२ | कर्मचारी खर्च | ७,४६२.३० |
| २.३ | कार्यालय संचालन खर्च | ३,८९६.४४ |

| | | |
|---|---|---|
| २.४ | आयकर भुक्तानी | ०.५३ |
| २.५ | अन्य खर्च | ६३.७२ |
| | **कार्यगत पूँजी गतिविधि अधिको नगद प्रवाह** | **५,१७६.०५** |
| | **सञ्चालन सम्वन्धि चालु सम्पत्तिमा कमी/(वृद्धि)** | **(४१,८३९.११)** |
| १ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी-(वृद्धि) | - |
| २ | अन्य अल्पकालिन लगानीमा कमी–(वृद्धि) | - |
| ३ | कर्जामा कमी–(वृद्धि) | (४१,८३५.८९) |
| ४ | अन्य सम्पतिमा कमी–(वृद्धि) | (३.२१) |
| | **सञ्चालन सम्वन्धि चालु दायित्वमा (कमी)–वृद्धि** | **३६,३३९.४७** |
| १ | निक्षेप दायित्वमा (कमी)–वृद्धि | १३,५६७.०२ |
| २ | अल्पकालिन सापटीमा (कमी)–वृद्धि | २२,०८०.९४ |
| ३ | अन्य दायित्वमा (कमी)–वृद्धि | ६९१.५१ |
| **.(ख)** | **लगानी कारोवारमा नगद प्रवाह** | **(७०१.३०)** |
| १ | दीर्घकालिन लगानीमा कमी–(वृद्धि) | - |
| २ | स्थीर सम्पतिमा कमि–(वृद्धि) | (७०१.३०) |
| ३ | दीर्घकालिन लगानीमा व्याज आम्दानी | - |
| ४ | लाभांश आम्दानी | - |
| ५ | अन्य | - |
| **(ग)** | **वित्तिय श्रोत कारोवारवाट नगद प्रवाह** | **-** |
| १ | दीर्घकालिन ऋण (वण्ड,डिवेन्चर आदी) मा वृद्धि /(कमी) | - |
| २ | शेयर पूँजिमा वृद्धि/(कमी) * | - |
| ३ | अन्य दायित्वमा वृद्धि/(कमी) | - |
| ४ | नेपाल राष्ट्र बैंकवाट प्राप्त सहुलियत–पूरनकर्जामा वृद्धि/(कमी) | - |
| ५ | पूर्व संचालन खर्च | - |
| **(घ)** | **सम्पति तथा दायित्व हस्तान्तरण बाट वचत** | **-** |
| **.(ङ)** | **नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकवाट आम्दानी-खर्च** | **-** |
| **.(च)** | **यस वर्षको सर्म्पूण गतिविधिबाट नगद प्रवाह** | **(१,०२४.९०)** |
| **(छ)** | **यस वर्षको बैंकमा रहेको शूरु मैज्दात** | **७,७८७.६२** |
| **(ज)** | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **६,७६२.७३** |

**** आ.व. ०७८/७९ आषाढ मसान्त को व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत विवरण***

**घ) आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारणः** सो नभएको ।

**ङ) पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात् संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा :** सो नभएको ।

**च) आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मितिसम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** सो नभएको ।

**छ) विगत ५ वर्षमा सम्पत्तिको पुर्नमूल्याङ्कन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पुर्नमूल्याङ्कन अघि र पछिको किताबी मूल्य (ई) पुर्नमूल्याङ्कको औचित्य :**सो नभएको ।

**ज) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :**
कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

**वासलात**

| पूजी तथा दायित्व | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. ०७९।८० | आ.ब. ०८०।८१ | आ.ब. ०८१।८२ |
| १. शेयर पूँजी | ३०,००० | ३०,००० | ३१,५०० |
| २. जगेडा तथा कोषहरु | ३५७ | ५,११२ | ८,७८५ |
| ३. ऋणपत्र तथा बण्ड | – | – | – |
| ४. तिर्न बाँकी कर्जा सापट | १३८,२२५ | १६४,९७० | १९७,०१९ |
| ५. निक्षेप दायित्व | ५०,३०९ | ६०,३७१ | ७२,४४५ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | – | – | – |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | – | – | – |
| ८. आयकर दायित्व | १,२०९ | १,७७६ | २,११० |
| ९. अन्य दायित्व | ४,२९३ | ५,१५२ | ६,७७६ |
| **कुल पूँजी तथा दायित्व** | **२२४,३९३** | **२६७,३८०** | **३१८,६३४** |
| **सम्पत्ति** | | | |
| १. नगद मौज्दात | ४,४८४ | ३,२२६ | ३०४ |
| २ नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | – | – | – |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | ७,५५७ | ९,०६८ | ११,७८९ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | – | – | – |
| ५. लगानी | – | – | – |
| ६. कर्जा सापट तथा बिल खरिद | २०७,९५३ | २४९,५६३ | ३००,१०६ |
| ७. स्थिर सम्पत्ति | २,८२५ | ३,१०८ | ३,४१८ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | – | – | – |
| ९. अन्य सम्पत्ति | १,५७४ | २,४१६ | ३,०१७ |
| **कुल सम्पत्ति** | **२२४,३९३** | **२६७,३८०** | **३१८,६३४** |

**नाफा नोक्सान हिसाव**

| विवरण | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. ०७९।८० | आ.ब. ०८०।८१ | आ.ब. ०८१।८२ |
| १. व्याज आम्दानी | ३१,०५८ | ३९,९७८ | ४७,०९९ |
| २. व्याज खर्च | १७,१२३ | २२,४१४ | २६,३३९ |
| **खुद ब्याज आम्दानी** | **१३,९३५** | **१७,५६४** | **२०,७६०** |
| ४. कमिशन तथा अन्य सन्चालन आम्दानी | ५,३११ | ६,३७३ | ७,६६४ |
| ५. सटही घटबढ आम्दानी | – | – | – |
| **कुल संचालन आम्दानी** | **१९,२४६** | **२३,९३७** | **२८,४२४** |
| ६. कर्मचारी खर्च | ७,६१७ | ८,३७९ | ९,२१७ |
| ७. अन्य संचालन खर्च | ६,१६६ | ७,२२४ | ८,७५५ |
| ८. सटही घटबढ नोक्सान | – | – | – |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **५,४६३** | **८,३३४** | **१०,४५३** |
| ९. सम्भावित नोक्सानी | १,०२९ | १,८२१ | २,७१८ |
| **संचालन मुनाफा/(नोक्सान)** | **४,४३४** | **६,५१३** | **७,७३५** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | – | – | – |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | – | – | – |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **४,४३४** | **६,५१३** | **७,७३५** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | – | – | – |

| | | | |
|---|---|---|---|
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | – | – | – |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **४,४३४** | **६,५१३** | **७,७३५** |
| १३.कर्मचारी बोनस व्यवस्था | ४०३ | ५९२ | ७०३ |
| १४.आयकर ब्यबस्था | *९८९* | *१,१६६* | *१,७८०* |
| यस वर्षको | १,२०९ | १,७७६ | २,११० |
| गत वर्षको | – | – | – |
| पर सारिएको आयकर खर्च / (आम्दानी) | (२२०) | (६१०) | (३३०) |
| **खुद मुनाफा/(नोक्सान)** | **३,०४१** | **४,७५५** | **५,२५२** |
| शेयर संख्या (हजारमा) | ३०० | ३०० | ३०० |
| प्रति शेयर आम्दानी (रु.) | १०.१४ | १५.८५ | १७.५१ |

**नाफा नोक्सान बाँडफाँड हिसाब**

| विवरण | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. ०७९।८० | आ.ब. ०८०।८१ | आ.ब. ०८१।८२ |
| **आम्दानी** | | | |
| १. गत वर्षसम्मको संचित मुनाफा | – | – | २९१ |
| २. यस वर्षको मुनाफा | ३,०४१ | ४,७५५ | ५,२५२ |
| ३. सटही घटबढ कोष | - | - | |
| ४. स्थगन कर | - | – | |
| ५. जगेडा कोष समायोजन | - | – | |
| ६. गत बर्षको संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट फिर्ता रकम | | | |
| ७. गत बर्षको कर्मचारीहरुको दक्षता अभिवृद्धि कोषबाट फिर्ता रकम | | | |
| ८. गत सालको शेयर प्रिमियम | - | – | |
| **जम्मा** | **३,०४१** | **४,७५५** | **५,५४३** |
| **खर्च** | | | |
| १. गत वर्षसम्मको संचित नोक्सान | ४,९६० | २,८०८ | – |
| २. यस वर्षको नोक्सान | – | – | – |
| ३. साधरण जगेडा कोष | ६०८ | ९५१ | १,०५० |
| ४. भैपरी आउने जगेडा (पर सारेको कर) | – | – | – |
| ५. संस्था विकास कोष | – | – | – |
| ६. लाभांश समीकरण कोष | – | – | – |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | – | – | – |
| ८. प्रस्तावित लाभांश | – | – | ७८.९५ |
| ९. प्रस्तावित बोनस शेयर जारी | – | – | १,५०० |
| १०. विशेष जगेडा कोष | – | – | – |
| ११. सटही घटबढ कोष | – | – | – |
| १२. पूँजी फिर्ता जगेडा कोष | – | – | – |
| १३. पूँजी समायोजन कोष | – | – | – |
| १४. अन्य (स्थगन कर जगेडा) | २२० | ६१० | ३३० |
| १५. लगानी समायोजन कोष | – | – | – |
| १५. गत वर्ष सम्बन्धी समायोजन | – | – | – |
| १५. सामाजिक उत्तरदायित्व कोष | ३० | ४८ | ५३ |
| १६. ग्राहक संरक्षणकोष | ३० | ४८ | ७२ |
| १७. कर्मचारीहरुको दक्षता अभिवृद्धि कोष | – | – | – |
| **जम्मा** | **५,८४९** | **४,४६४** | **३,०८४** |
| **सञ्चित मुनाफा/(नोक्सान)** | **(२,८०८)** | **२९१** | **२,४५९** |

**नगद प्रवाह विवरण**

| विवरण | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. ०७९।८० | आ.ब. ०८०।८१ | आ.ब. ०८१।८२ |
| **क) कारोबार सञ्चालनबाट नगद प्रवाह** | **(३,३८३)** | **१,०७७** | **७८४** |
| **१. नगद प्राप्ति** | **३६,३६९** | **४६,३५१** | **५४,७६३** |
| १.१ ब्याज आम्दानी | ३१,०५८ | ३९,९७८ | ४७,०९९ |
| १.२ कमिशन तथा डिष्काउण्ट आम्दानी | ५,३११ | ६,३७३ | ७,६६४ |
| १.३ विदेशी विनिमय कारोबारबाट आम्दानी | - | - | - |
| १.४ अपलेखित कर्जाको असूली | - | - | - |
| १.५ अन्य आम्दानी | - | - | - |
| **२. नगद भुक्तानी** | **३२,८३६** | **४१,०५६** | **४८,९१६** |
| २.१. व्याज खर्च | १७,१२३ | २२,४१४ | २६,३३९ |
| २.२ कर्मचारी खर्च | ७,६१७ | ८,३७९ | ९,२१७ |
| २.३ कार्यालय संचालन खर्च | ५,६७४ | ६,६८३ | ८,१६० |
| २.४ आयकर भुक्तानी | ९८९ | १,१६६ | १,७८० |
| २.५ अन्य खर्च | १,४३३ | २,४१४ | ३,४२१ |
| **कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह** | **३,५३३** | **५,२९६** | **५,८४७** |
| सञ्चालन सम्बन्धि चालु सम्पतिमा कमी/(बृद्धि) | **(६०,३४८)** | **(४२,४५२)** | **(५१,१४४)** |
| १. माग तथा अल्प सुचनामा प्राप्त हुने रकममा कमी/(बृद्धि) | - | - | - |
| २. अन्य अल्पकालीन लगानीमा कमी/(बृद्धि) | - | - | - |
| ३. कर्जा तथा विल्स खरीदमा कमी/(बृद्धि) | (६०,९३८) | (४१,६०९) | (५०,५४३) |
| ४. अन्य सम्पत्तिमा कमी/(बृद्धि) | ५८९ | (८४२) | (६०१) |
| **सञ्चालन सम्बन्धि चालु दायित्वमा कमी/(बृद्धि)** | **५३,४३२** | **३८,२३२** | **४६,०८१** |
| १. निक्षेप दायित्वमा कमी ब्रृद्धि | १५,९६३ | १०,०६२ | १२,०७४ |
| २. सर्टिफिकेट अफ डिपोजितमा (कमी)/बृद्धि | - | - | - |
| ३. अल्पकालीन सापटीमा (कमी)/बृद्धि | ३४,६४९ | २६,७४५ | ३२,०४९ |
| ४. अन्य दायित्वमा (कमी)/बृद्धि | २,८२१ | १,४२६ | १,९५८ |
| **ख) लगानी कारोबारमा नगद प्रवाह** | **(२,०६४)** | **(८२३)** | **(९०६)** |
| १. दीर्घकालीन लगानीमा कमी/(बृद्धि) | - | - | - |
| २. शेयर तथा डिबेञ्चर बिक्रीबाट प्राप्त रकम | - | - | - |
| ३. स्थिर सम्पतिमा कमी/(बृद्धि) | (२,०६४) | (८२३) | (९०६) |
| ४. दीर्घकालीन लगानीमा व्याज आम्दानी | - | - | - |
| ५. लाभाशं आम्दानी | - | - | - |
| ६. अन्य | - | - | - |
| **ग) वित्तीय कारोबारबाट नगद प्रवाह** | **९,७००** | **-** | **(७९)** |
| १. दीर्घकालीन ऋण (बण्ड, डिबेञ्चर आदि) मा बृद्धि/(कमी) | - | - | - |
| २. शेयर पूँजीमा बृद्धि/(कमी) | ९,७०० | - | |
| ३. अन्य दायित्वमा बृद्धि/(कमी) | - | - | - |
| ४. लाभांस भुक्तानी | - | - | (७९) |
| ५. मर्जर पछि शेयर पुंजी तथा कोषमा भएको परिवर्तनको समायोजन | - | - | - |
| ६. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनरकर्जामा बृद्धि/(कमी) | - | - | - |
| ७. पूर्व संचालन खर्च | | | |
| **घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | **-** | **-** | **-** |

| | | | |
|---|---|---|---|
| **ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | ४,२५२ | २५३ | (२०१) |
| **च) नगद तथा बैंकमा रहेको शुरुको मौज्दात** | ७,७८८ | १२,०४० | १२,२९४ |
| **छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | १२,०४० | १२,२९४ | १२,०९३ |

प्रक्षेपित वित्तीय विवरण लघुवित्त वित्तीय संस्था आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु प्रमाणित गर्ने बिशेषज्ञमा सुवन एण्ड एसोसिएटस् चार्टर्ड एकाउन्टेण्ट्स रहनु भएको छ ।

## कम्पनीको वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरुः

| **वित्तीय प्रक्षेपणका आधार तथा तरिका :** | | | |
|---|---|---|---|
| **विवरण** | **आ.ब. ०७९।८०** | **आ.ब. ०८०।८१** | **आ.ब. ०८१।८२** |
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | ४६.४८% | २०.००% | २०.००% |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | ४१.४५% | २०.०१% | २०.२५% |
| ३. कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात (प्रतिशतमा) | १००.२६% | १०१.२४% | १०२.३३% |
| ४. कुल आयमा औषत बृद्धिदर | १०.८८% | २७.४५% | १८.१५% |
| ५. कुल खर्चमा औषत बृद्धिदर | ३१.९९% | २४.७५% | १८.०५% |
| ६. संचालन खर्च तथा कुल आम्दानी अनुपात | ३८% | ३४% | ३३% |
| ७. खुद मुनाफामा औषत बृद्धिदर | ११९१% | ५६.३५% | १०.४६% |
| ८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा) | ८.००% | ९.००% | ९.००% |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा) | १५.००% | १५.००% | १५.००% |
| १०. आयकर व्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| निस्क्रिय कर्जा सापट (प्रतिशतमा) | ४.४८% | ४.६०% | ४.७६% |
| लगानी मा प्रतिफल | - | - | - |
| अन्य संचालन खर्चका वृद्धिदर | ६३.९०% | १७.१७% | २१.१९% |
| कर्मचारी खर्चमा बृद्धिदर | १०.००% | १०.००% | १०.००% |
| % of Provision on Total Gross Loan | ५.२४% | ५.३६% | ५.३२% |
| तरलता (CRR) | २२.४३% | १८.८६% | १५.०७% |

## उल्लेखित वित्तीय प्रक्षेपणका आधारको औचित्य पुष्टी हुने विवरणहरु :

### क. कर्जा तथा सापट :

संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.ब.२०७९/०८०, २०८०/०८१ र २०८१/०८२ मा क्रमशः ४१.४५, २०.०१ र २०.२५ प्रतिशतले कुल कर्जा बृद्धि हुने प्रक्षेपण गरिएको छ । हाल धेरै नयाँ लघुवित्त वित्तीय संस्थाहरुको बजारमा प्रवेश भएको र सो कारणले गर्दा लघुवित्त ब्यबसायमा अत्याधिक प्रतिस्पर्धा हुने भएकोले आगामी बर्षहरुमा कर्जा तथा सापट प्रवाह गर्न हालको परिपेक्ष भन्दा कठिनाई हुने देखिएकोले आ.ब.२०८०/८१ र आ.ब.२०८१/०८२ मा कर्जा तथा सापटको बृद्धिदर आ.ब.२०७९/०८० को तुलनामा कम हुन गएको हो ।

कर्जा तथा सापटमा प्राप्त हुने औसत ब्याजदर आ.ब.२०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को लागि क्रमशः १५, १५ र १५ प्रतिशत हुने अनुमान गरिएको छ ।

कर्जा तथा सापटको निक्षेप र प्राथमिक पुंजीको अनुपात (CD Ratio) नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी कर्जा तथा सापट प्रक्षेपण गरिएको छ ।

कर्जा नोक्सानी व्यवस्था आ.ब.२०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को लागि कुल कर्जा तथा सापटको क्रमशः ५.२४, ५.३६ र ५.३२ प्रतिशत कायम रहने अनुमान गरिएको छ ।

### ख. निक्षेपः

संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.ब.२०७९/०८०, २०८०/०८१ र २०८१/०८२ मा क्रमशः ४६.४८,२० र २० प्रतिशतले कुल निक्षेप बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

निक्षेप दायित्वमा तिर्नुपर्ने औसत व्याजदर आ.ब.२०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को लागि क्रमशः ८, ९ र ९ प्रतिशत कायम रहने अनुमान गरिएको छ ।

**ग. तरलताः**
नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको अनिवार्य मौज्दात (Cash Reserve Requirement) आ.ब.२०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को लागि क्रमशः २२.४३, १८.८६ र १५.०७ प्रतिशत कायम हुने गरी लगानी प्रक्षेपण गरिएको छ ।

**घ.** संचालन नाफाको १० प्रतिशत रकम कर्मचारी बोनस व्यवस्थाको लागि छुट्टयाएको छ ।

**ङ.** आउँदो वर्षहरुको लागि वित्तीय संस्थाले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागि व्यवस्था गरिएको छ ।

**च.** गत वर्षहरुको वास्तविक आँकडा तथा आउँदो वर्षको संचालन योजनाको आधारमा वित्तीय संस्थाको व्यवस्थापनद्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो ।

**छ.** पुंजी पर्याप्तता (Capital Adequacy) को मात्रा नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी प्रक्षेपण गरिएको छ । जस अनुरुप पुंजीकोषको अनुपात आ.ब.२०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को लागि क्रमशः १४.६५, १४.०२ र १५.३८ प्रतिशत र प्राथमिक पुंजीको अनुपात आ.ब.२०७९/०८०, २०८०/०८१ र २०८१/०८२ को लागि क्रमशः १३.६९, १३.०६ र १४.४३ प्रतिशत हुने गरी प्रक्षेपण गरिएको छ ।

**ग.९.ख.वित्तीय अनुपात सम्बन्धी विवरण :**

**क) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :**

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :**

| विवरण | वास्तविक (रु. हजारमा) | | | | | प्रक्षेपित(रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७५□०७६ | आ.ब. ०७६□०७७ | आ.ब. ०७७□०७८ | अपरिष्कृत आ.ब. ०७८□०७९ | अपरिष्कृत पहिलो त्रैमास २०७९□८० | आ.ब. ०७९□८० | आ.ब. ०८०□८१ | आ.ब. ०८१□८२ |
| चुक्ता पुंजी | २०,३०० | २०,३०० | २०,३०० | २०,३०० | २०,३०० | ३०,००० | ३०,००० | ३१,५०० |
| जगेडा तथा कोषहरु | ३५३ | (२,९२०) | (२,६८५) | (१५३) | (२,७४०) | ३५७ | ५,११२ | ८,७८५ |
| **कुल नेटवर्थ** | **२०,६५३** | **१७,३८०** | **१७,६१५** | **२०,१४७** | **१७,५६०** | **३०,३५७** | **३५,११२** | **४०,२८५** |
| शेयर संख्या (हजारमा) | २०३ | २०३ | २०३ | २०३ | २०३ | ३०० | ३०० | ३१५ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०१.७४ | ८५.६१ | ८६.७८ | ९९.२४ | ८६.५० | १०१.१९ | ११७.०४ | १२७.८९ |
| प्रति शेयर आम्दानी (रु.) | (९.१४) | (१६.०६) | १.१६ | १२.४७ | (१२.७४) | १०.१४ | १५.८५ | १६.६७ |
| नेटवर्थमा औसत प्रतिफल (प्रतिशतमा) | (८.९८) | (१८.७५) | १.३४ | १२.५७ | (१४.७३) | १०.०२ | १३.५४ | १३.०४ |
| **खुद मुनाफा/ (नोक्सान)** | **(१,८५५)** | **(३,२६०)** | **२३६** | **२,५३२** | **(२,५८७)** | **३,०४१** | **४,७५५** | **५,२५२** |

**** आ.व. ०७८/७९ आषाढ मसान्त र आ.व. ०७९/८० को पहिलो त्रैमास व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत विवरण***

**ख) नेटवर्थमा भएको औसत प्रतिफल :**

| विवरण | वास्तविक (रु. हजारमा) | | | | | प्रक्षेपित(रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७५□०७६ | आ.ब. ०७६□०७७ | आ.ब. ०७७□०७८ | आ.ब. ०७८□०७९ | अपरिष्कृत पहिलो त्रैमास २०७९□८० | आ.ब. ०७९□८० | आ.ब. ०८०□८१ | आ.ब. ०८१□८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०१.७४ | ८५.६१ | ८६.७८ | ९९.२४ | ८६.५० | १०१.१९ | ११७.०४ | १२७.८९ |
| नेटवर्थमा औसत प्रतिफल (प्रतिशतमा) | (८.९८) | (१८.७५) | १.३४ | १२.५७ | (१४.७३) | १०.०२ | १३.५४ | १३.०४ |

**** आ.व. ०७८/७९ आषाढ मसान्त र आ.व. ०७९/८० को पहिलो त्रैमास व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत विवरण***

**ग.१०. धितोपत्र निष्कासनसम्बन्धी विवरण :**

**ग. १०.क. धितोपत्र जारी गर्नुको उद्देश्य :**

१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुरुप वित्तीय संस्थाको जारी पूँजीको कम्तिमा ३०% शेयर सर्वसाधारणमा बिक्री गर्नु पर्ने व्यबस्था भएकोले सोही बमोजिम वित्तीय संस्थाको प्रबन्धपत्रमा जारी पूँजीको ३२.३३% शेयर सर्वसाधारणमा बिक्री गर्नु पर्ने व्यवस्था भए अनुरुप जारी पूंजीको ३२.३३% अर्थात रु.९७,००,०००/–रकम बराबरको प्रति शेयर रु.१००/–दरको ९७,००० कित्ता साधारण शेयरहरु सर्वसाधारण नेपाली नागरिकहरु (सामुहिक लगानी कोष, कर्मचारीहरु तथा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि समेत) लाई बिक्री वितरण गरी वित्तीय संस्थाको सञ्चालनमा सर्वसाधारणहरुलाई समेत संलग्न गराउन ।
२) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।
३) वित्तीय संस्थाले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।

**ग. १०.ख. धितोपत्र निष्कासनबाट प्राप्त पुँजीको उपयोग**

**क) निष्कासनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण :**

साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम "घ" वर्गको वित्तीय संस्थाले गर्न पाउने कार्यको अधिनमा रही वित्तीय संस्थाको व्यवसायिक प्रयोजनमा उपयोग गरिनेछ। साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी वित्तीय संस्थाको नियमित लघुवित्त कारोबार एवं आर्थिक कारोवारहरु विस्तार एवं बृद्धि गर्न उपयोग गरिनेछ, जुन देहाय अनुसार उल्लेख गरिएको छ ।

| क्र.सं. | कर्जा प्रवाह गरिने क्षेत्रहरु | अनुमानित रकम (रु.) |
|---|---|---|
| १ | पशुपालन तथा कृषि कर्जा | ५३,३५,००० |
| २ | खुद्रा ब्यापार र सेवा कर्जा | ४३,६५,००० |
| | **जम्मा** | **९७,००,०००** |

**(ख) सार्वजनिक निष्कासन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्कासनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था :**

विगतमा अन्य बैंक तथा वित्तीय संस्थाहरुले सर्वसाधारणमा शेयर निष्काशन गर्दा निष्काशित शेयरहरुको पूर्ण रुपमा आवेदन प्राप्त हुने देखिएकोले यस लघुवित्त वित्तीय संस्थाको निष्काशित शेयरहरु पनि पूर्ण रुपमा बिक्री हुने लघुवित्त वित्तीय संस्थाको धारणा रहेको छ । कथंकदाचित निष्काशन गरिने साधारण शेयरहरु पूर्णरुपमा बिक्री नभएमा, श्री मुक्तिनाथ क्यापिटल लिमिटेडसँग मिति २०७९/०१/२५ मा निष्काशन रकमको शतप्रतिशत शेयर (रु.९७,००,०००/– शेयर पूँजी बराबरको रु. १००/- दरको ९७,००० कित्ता) खरीद गर्ने प्रत्याभूति सम्झौता गरिएको छ ।

**ग) आयोजनाको संचालन स्थान, आयोजना चरणवद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :** सो नभएको ।

**घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** सो नभएको ।

**ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य बुँदाहरु :** सो नभएको ।

**च) कुनै पार्टीसँग प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण** : सो नभएको ।

**छ) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगतका वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** सो नभएको ।

**ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** सो नभएको ।

**झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** सो नभएको ।

**ञ) सार्वजनिक निष्कासनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

अ) निष्कासन तथा बिक्री प्रबन्धक– रु १,००,०००/–

आ) ट्रष्टी (डिबेन्चर निष्कासनको हकमा)– निष्कासन गरिने डिबेन्चर नभई साधारण शेयर भएको ।

ई) प्रत्याभूतिकर्ता शुल्क – रु.४९,०००/–(मुक्तिनाथ क्यापिटल लिमिटेडलाई भुक्तान गरिने)

इ) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क – नरहेको ।

उ) लेखापरीक्षकको शुल्क –प्रक्षेपित वित्तीय विवरण प्रमाणित गरे बापत रु. ३०,०००/–(Exclusive Vat) भुक्तानी गरिएको ।

ऊ) अन्य– सुचना प्रकाशन, आवेदन प्रशोधन लगायतका अन्य खर्चहरु साथै बाँडफाँडमा परेको शेयर सम्बन्धित शेयरधनीहरुको हितग्राही खातामा पठाउनको लागि प्रशोधन गर्दा लाग्ने शुल्क सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले तोके बमोजिम हुनेछ ।

**ग.१०.ग.सार्वजनिक निष्कासनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण :** सो नभएको ।

**ग.१०.घ.प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य :** सो नभएको ।

**ग.१०.ङ. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :**

**क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :**

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरु :**

नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई सुरक्षित गरिएको सर्वसाधारणहरुमा निष्काशन गरिने ९७,००० कित्ता धितोपत्रको १० प्रतिशले हुन आउने ९,७०० कित्ता साधारण शेयरका लागि वैदेशिक रोजगारीमा रहेका नेपालीहरुबाट अत्यधिक माग भई आएको अवस्थामा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैठौं संशोधन २०७९) मा भएको व्यवस्था अनुसार बाँडफाँड गरिनेछ । कम्पनीले वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई खरीद गर्न आह्वान गरेको धितोपत्र पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैठौं संशोधन सहित)को दफा (४) ख को उपदफा (६) मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारण समुहमा थप गरी जारी गरिने छ ।

**सर्वसाधारण शेयरधनीहरु :**

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैठौं संशोधन सहित)" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१ शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँड गरिनेछ ।

२ बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात् बाँकी रहेको निष्कासित शेयर बिस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुनः दश कित्ताको दरले बाँडफाँड गरिनेछ ।

३. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोही प्रकृया अपनाई बाँडफाँड गरिनेछ ।

४. उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम १० कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिनेछ ।

५ शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ ।

६. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्ट सम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराईनेछ । साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकहरुलाई बाँडफाँड गरी बाँकी रहेको शेयर प्रत्याभुतिकर्ताले प्रत्याभुति सम्बन्धी सम्झौतामा भएको व्यवस्था अनुसार खरिद गर्नेछ ।

**ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था:**
शेयर बिक्री बन्द भए पश्चात नेपाल धितोपत्र बोर्डले तोकेको समयावधिभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिकरुपमा स्वीकृति/अस्वीकृति भएको व्यहोरा उल्लेख गरी "धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका,२०७३" को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराइनेछ र सोही विवरण अनुरुप सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँटमा नपरेको शेयर बापतको रकम सम्बन्धित आवेदकको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ ।

**ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**
"धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागू भैसकेको सन्दर्भमा उपरोक्त व्यवस्था लागू नहुने ।

**घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी :**
यस विवरण पत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (छैठौं संशोधन सहित) तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समय भित्र बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइ प्रचलित व्यवस्था अनुसार निर्धारित अवधि भित्र बाँडफाँडबाट कायम भएका शेयरधनीहरुलाई निजहरुले आवेदनमा उल्लेख गरेको हितग्राही खातामा शेयरको सूचिकरण भए पश्चात सोझै जम्मा गर्ने व्यवस्था गरिनेछ ।
**ङ) धितोपत्र सूचीकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :** सो नभएको ।

**च) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**
धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैठौं संशोधन सहित)" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्था अनुसार सूचीकरण गराई शेयर खरिद बिक्रीको गर्ने व्यवस्था मिलाइनेछ ।

**ग.१०.च. प्रत्याभूति सम्बन्धी विवरण :**
**क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**
यस विवरणपत्र मार्फत सर्वसाधारणमा निष्कासन गर्न लागिएको ९७,००० कित्ता साधारण शेयरको लागि रु.९७,००,०००/–(अक्षरेपी सन्तानब्बे लाख रुपैंया मात्र) रकम अर्थात शतप्रतिशत रकम श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर नक्साल काठमाण्डौंद्वारा प्रत्याभूति सेवा प्रदान गरिएको छ ।

| सि.नं. | प्रत्याभूतिकर्ताको नाम ,ठेगाना | प्रत्याभूत शेयर कित्ता | प्रत्याभूत गरिएको रकम (ने.रु.) |
|---|---|---|---|
| १ | श्री मुक्तिनाथ क्यापिटल लि., नारायणचौर नक्साल ,काठमाडौं | ९७,००० | ९७,००,००० |
| **जम्मा** | | **९७,०००** | **९७,००,०००** |

**ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य - मुख्य बूँदाहरु :**
यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्तासँग मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ ।
१) प्रत्याभूतिकर्तालाई प्रत्याभूति सेवा प्रदान गरे वापत लघुवित्त वित्तीय संस्थाले रु ४९,०००/– भुक्तानी गर्नेछ ।
२) प्रत्याभूतिकर्ताले ९७,००० कित्ताले हुन आउने रकम रु.९७,००,०००/- बराबरको लागि प्रत्याभूति सेवा प्रदान गरेको छ ।
३) यस विवरण पत्र अनुसार जारी गरिने शेयर सर्वसाधारणहरुमा बिक्री गर्दा सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वत : पूरा हुनेछ ।
४) मिति २०७९ बैशाख २५ गते प्रत्याभूति सेवा सम्झौता गरिएको र सोको अवधि सम्झौता भएको मितिले १ वर्ष सम्म रहनेछ । सो अवधि दुबै पक्षको सहमतिमा थप गर्न सकिनेछ ।
५) यस सम्झौताको कार्यान्वयन मुलुकी देवानी (संहिता) ऐन, २०७४ बमोजिम हुनेछ । यस सम्झौतामा उल्लेख गरिएको विषयको व्याख्यामा कुनै विवाद तथा बुझाइमा फरक पन सिर्जना भएमा दुवै पक्षको आपसी समझदारीमा सो विवादको निरोपण गरिनेछ । आपसी समझदारीबाट विवाद निरोपण हुन नसकेमा प्रचलित ऐन बमोजिम विवाद निरोपण गरिनेछ ।

**ग.१०.छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्र खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ साथै, लाभांश, हकप्रद शेयर आदि सम्बन्धी विवरण लघुवित्त वित्तीय संस्थाले नियमित रुपमा आर्जन गर्ने मुनाफा, तथा लघुवित्त वित्तीय संस्थाको पूँजी योजना अनुसार प्रचलित कानूनबमोजिम गरिनेछ ।

**ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, वडा नं. ८, बनेपा, काभ्रेपलाञ्चोक, वा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक मेगा क्यापिटल मार्केट्स लिमिटेड, त्रिपुरेश्वर, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।
२. यस विवरणपत्र मार्फत निष्कासन गरिने साधारण शेयरको खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले न्यूनतम १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनुपर्नेछ । यदि दरखास्तावालाले १० (दश) कित्ताभन्दा बढी साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछ ।
३. यस विवरण पत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्त साथ आफूले खरीद गर्न चाहेको धितोपत्र संख्याको प्रति धितोपत्र रु.१००।– (एक सय) का दरले हुन आउने एकमुष्ठ रकम नेपाल धितोपत्र बोर्डबाट इजाजत पत्र प्राप्त सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिन सक्नेछ ।

**ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :**

१.नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा वसी रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।

२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण ( रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

३.शेयरमा आवेदन गर्ने विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।

४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईन पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन् ।

५.निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् ।

६. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

७. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

८. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

९. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।

घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।

ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

च. आवेदकको हितग्राही -डिम्याट खाता नम्बर

१०. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन ।

११. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।

१२. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१३. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१४. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

१५. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१६. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

१७. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र अधिकतम १० अंकले भाग जानेगरी १,००० कित्ता सम्मका लागि आवेदन दिन सक्नेछन् ।

**सर्वसाधारणको हकमा :**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।

२. यस विवरणपत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।

३. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका,२०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

४. सडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

५. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

६. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिता नं., दस्तखत , सम्पर्क फोन नं., इमेल ।

ग. नावालक र विक्षिप्त ब्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।

घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।

ङ. खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा) ।

च. आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम

छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।

७. आबेदकले आवेदन दिँदा सि–आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनुहुँदैन ।

८. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।

९. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्ध गरिनेछ ।

१०. वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् । यदि आवेदन गरेको पाईएमा सो आवेदन स्वत: अयोग्य ठहरिने छ ।

११. धितोपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा नियमक निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्कासन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गरिनेछ ।

१२. धितोपत्र बाँडफाड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्कासन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१४. यस विवरणपत्र मार्फत निष्कासन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकले भाग जाने संख्यामा अधिकतम १,००० (एक हजार) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ ।

१५. रु.५ लाखसम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN No.) दरखास्त फारममा खुलाउनुपर्नेछ ।

**ग.११.सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

निष्कासनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोबार भएको वा कुनै कारोबार गर्न प्रस्ताव गरिएको भए कारोबारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :

क) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति** : कारोबार नभएको

ख) **आधारभूत शेयरधनी** : कारोबार नभएको ।

ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवार सदस्य** : कारोबार नभएको ।

घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था** : सो नभएको ।

ङ) **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा** : कुनै कारोबार वा सम्झौता नभएको ।

च) **कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने** : ऋण कारोबार नभएको ।

**ग. १२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरुः** सो नभएको ।

**ग. १३. सूचिकृत संगठित संस्थाले सार्वजनिक निष्कासन गर्ने भएमा सो को विवरण :**

**क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या** :निष्कासनकर्ता कम्पनी सूचिकृत संगठित संस्था नभएको ।

**ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या** : नभएको ।

**ग. १४.पछिल्लो सार्वजनिक निष्कासनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :** हाल सम्म यस वित्तीय संस्थाले सार्वजनिक निष्काशन नगरिएको ।

**ग.१५. परामर्शदाता/ विशेषज्ञ सम्बन्धी विवरणः**

**क) लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना** :

अ) आ.व.२०७८/७९ मा यस कम्पनीको लेखापरीक्षकमा आचार्य के. आर. एण्ड एशोसिएट्स चार्टर्ड एकाउन्टेण्ट्स रहनुभएको छ ।

आ) यस निष्कासनको लागि देहायका बैंकलाई निष्कासन बैंक (Banker to the Issue)को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्कासन बैंकको नाम, ठेगाना |
|---|---|
| १ | मेगा बैंक नेपाल लिमिटेड, कमलादी, काठमाडौ । |

साथै, आवश्यकता अनुसार ३ दिन अगाडि बोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिने छ ।

इ) यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने बिज्ञमा वित्तीय संस्था आफै रहेको छ ।

ई) यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने बिशेषज्ञमा सुवन एण्ड एसोसिएटस् चार्टर्ड एकाउन्टेण्ट्स रहनु भएको छ ।

उ) शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु व्यवसायिक संस्था श्री मेगा क्यापिटल मार्केट्स लिमिटेड, त्रिपुरेश्वर, काठमाडौंले तयार गरेको हो । यस शेयर निष्कासनका लागि निष्कासन तथा बिक्री प्रबन्धकमा मेगा क्यापिटल मार्केट्स लिमिटेड, त्रिपुरेश्वर, काठमाडौलाई नियुक्त गरिएको छ ।

ख) **माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरुः**
सो नभएको ।

**ग. १६. परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्कासनबाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :** सो नभएको ।

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणाः**
सो नभएको ।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :**
सो नभएको ।

(ग) **विगत पाँच बर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :** सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको ।

**ग.१८.गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले

देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु समाधानको लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको कार्यालयमा मनिषा दाहाललाई फोन नं: ०१-५३६२७९० तथा ईमेल : info@megacapitalmarkets.com मार्फत सम्पर्क गर्न सकिनेछ ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्कासन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्कासनगरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२०.ऋणपत्र निष्कासन सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२१.अग्राधिकार शेयर निष्कासन सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२२.अन्य सामान्य जानकारी :**

**क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता वित्तीय संस्थाको हालको दक्षता र निष्काशनकर्ता वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने बिशेषज्ञमा सुवन एण्ड एसोसिएटस् चार्टर्ड एकाउन्टेण्ट्स रहनु भएको छ ।

**ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण** :

**सञ्चालकमा भएको परिवर्तन :**
मिति २०७८/१०/२४ मा श्री निरा जोशिको राजिनामा स्वीकृत गरी उहाँको स्थानमा अम्बिका लाल श्रेष्ठ नियुक्त गरीएको

गत तीन आर्थिक बर्ष भित्र अन्य कुनै पनि संचालकमा परिवर्तन नभएको साथै श्री तिर्थ रत्न कोनाजु स्वतन्त्र संचालकको रुपमा मिति २०७८/०९/०८ मा नियुक्त हुनुभएको

**लेखापरीक्षकमा भएको परिवर्तन :**
सञ्चालक समितिको मिति २०७९/०७/२८ गते बसेको १३९ औं बैठकले आ.व. २०७८/७९ को लेखापरीक्षण गर्नको लागि कम्पनीको लेखापरीक्षकमा आचार्य के. आर. एण्ड एशोसिएट्स चार्टर्ड एकाउन्टेण्ट्स नियुक्त गरिएको ।

**ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**
नाम : दिलिप कुमार पोखरेल
ठेगाना : हरीवन न.पा. वडा नं.-९,सर्लाहि
योग्यता : स्नातकोत्तर

**घ) सार्वजनिक निष्कासनगर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**
कम्पनीको मिति २०७८/०६/१७ गते बसेको संचालक समितिको ५५औं बैठकबाट सर्वसाधारणको लागि छुट्टाइएको रु.१००/–अंकित दरको ९७,००० कित्ता शेयर निष्कासन गर्ने र उक्त निष्कासनको लागि अन्य कुनै पनि नियामक निकायसंग पत्राचार गर्न, सम्झौता गर्न तथा सो सम्बन्धी संस्थाको तर्फबाट अन्य सम्पूर्ण कागजातहरुमा हस्ताक्षर गर्न यस कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय गरिएको छ ।

**ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेषकर सुविधा दिइएको भए,सो सम्बन्धी विवरण :** सो नभएको ।

**च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**
कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।
१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, वडा नं. ८, बनेपा, काभ्रेपलाञ्चोक ।
२. धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक श्री मेगा क्यापिटल मार्केट्स लिमिटेड, त्रिपुरेश्वर, काठमाडौं ।

**छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**
हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्कासन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**
यस विवरणपत्रद्वारा निष्कासन गरिने प्रति साधारण शेयर रु.१००/–अङ्कित मूल्य (Par Value) का कुल ९७,००० कित्ता साधारण शेयर मध्ये जारी पूँजीको ०.५% अर्थात १,५०० कित्ता साधारण शेयरहरु वित्तीय संस्थाको सेवामा रहेका कर्मचारीहरुको लागि तथा निष्काशन गरिने साधारण शेयरको ५% अर्थात ४,८५० कित्ता साधारण शेयरहरु सामुहिक लगानी कोषको लागि तथा १० प्रतिशत ले हुन आउने ९,७०० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि छुट्याएर सुरक्षित गरिएको छ । यसरी छुट्याइएको शेयर कर्मचारीहरुको हकमा संचालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँड गर्नेछ तथा सामूहिक लगानी कोषको हकमा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम बाँडफाँड गरिनेछ र नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका हकमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैठौं संशोधन " मा भएको व्यवस्था अनुसार बाँडफाँड गरिनेछ । कर्मचारी, सामूहिक लगानी कोषहरु तथा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुबाट सम्पूर्ण शेयरको लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा बाँडफाँड गरिनेछ ।

**झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**
लघुवित्त वित्तीय संस्थाले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने लघुवित्त वित्तीय संस्थाको उद्घोषण रहेको छ । साथै यस वित्तीय संस्थाले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०७७/७८ सम्मका विवरणहरु पेश गरेको हुनाले उक्त आर्थिक वर्ष सम्म यस वित्तीय संस्था कम्पनी रजिष्ट्रारको कार्यालयमा अधावधिक रहेको छ र सो व्यहोराको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०१/२१ को पत्रबाट प्राप्त भएको छ ।

**ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**
यस विवरणपत्र मार्फत निष्कासित साधारण शेयर बिक्री वितरणका लागि आस्वा सदस्य प्राप्त बैंक तथा वित्तिय संस्थाहरुका देश भरी फैलिएर रहेका तोकिएका शाखाहरु मार्फत आवेदन दिनसक्ने व्यवस्था रहेको छ ।

**ट) क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यबस्था :**
यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ ( छैठौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम वित्तीय संस्थाको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट इस्युर रेटिङ्ग गराई "[ICRANP-IR] BB-" (pronounced as ICRA NP Issuer Rating Double B Minus)" रेटिङ्ग प्राप्त गरेको छ । जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा मध्यम जोखिम (Moderate risk of default regarding timely servicing of financial obligations) रहेको जनाउँदछ । सो रेटिङ्ग को वैधता अवधि एक बर्ष रहनेछ ।
रेटिङ्ग प्रदान गरेको मिति : बि.सं. २०७८/१२/३० (ई.सं.२०२२/०४/१३)
रेटिङ्ग बहाल रहने अवधि : बि.सं. २०७९/१२/२८ (ई.सं. २०२३/०४/११)

**ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :** यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा मेगा क्यापिटल मार्केट्स लिमिटेड, त्रिपुरेश्वर,काठमाडौं रहेको छ ।

**ड) सकारात्मक पक्षहरु :**

- लघुवित्त क्षेत्रका अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस लघुवित्त वित्तीय संस्थाको व्यवस्थापन सक्षम तथा प्रभावकारी भएको,
- स्थानीय समुदायमा वित्तीय संस्थाले बनाएको अमिट छाप,
- उचित समुह निर्माण नीति अवलम्बन गर्दै कर्जा तथा लगानीको गुणस्तरको स्तरलाई प्राथमिकता दिइएको,

- वित्तीय संस्थाको सञ्चालक समिति र व्यवस्थापनमा रहेको अन्तराष्ट्रिय, राष्ट्रिय तथा स्थानीय स्तरको ज्ञान र अनुभव,
- नीतिगत पारदर्शिता र बलियो संस्थागत शुसासन,
- सामाजिक जिम्मेवारी र दायित्व

**ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**
नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको संचालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**ण) धितोपत्र बिक्री खुल्ला अवधि :**
यस विवरणपत्रद्वारा वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन हुनेछ । वैदेशिक रोजगारीमा रहेका नेपालीलाई शेयर बाँडफाँड पश्चात् सर्वसाधारणको लागि शेयर निष्काशन खुल्ला गरिनेछ । सार्वजनिक निष्काशन मार्फत् सर्वसाधारणहरुमा जारी गरिने शेयरहरुको लागि आवेदन लिने कार्य कम्तीमा ४ कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधि भित्र सार्वजनिक निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ ।

**त) नियमन निकायको सुपरीवेक्षणबाट कुनै कैफियत औंल्याइएको भए सोको पछिल्लो अवस्थाको बारेमा उल्लेख गर्नुपर्ने** :सो नभएको ।
**थ**) धितोपत्र निष्कासनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरणपत्र लगानीकर्ताले सहज रुपमा हेर्न सक्नेछन् र लगानीकर्ताहरुलाई सुचित निर्णय (Informed Decision) मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु सम्बन्धित निष्कासनतथा बिक्री प्रबन्धक तथा निष्कासनकर्ता कम्पनी प्रत्येकको आफ्नो वेभसाइटमा धितोपत्र बिक्री बन्द नभएसम्म राखिनेछ ।

**ग.२३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | अम्बिका लाल श्रेष्ठ | अध्यक्ष | |
| २. | किशोर भाई बज्राचार्य | सञ्चालक | |
| ३. | पुष्पराम श्रेष्ठ | सञ्चालक | |
| ४. | सवीन प्रधानाङ्ग | सञ्चालक | |
| ५. | तिर्थ रत्न कोनाजो | स्वतन्त्र सञ्चालक | |

## २४. निष्कासन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) को प्रति :

Regd No.: 176502/074/075

MEGA
CAPITAL MARKETS LIMITED
मेगा क्यापिटल मार्केट्स लिमिटेड
(100% Subsidiary of Mega Bank Nepal Limited)

चलानी नं. ८४५/०७९/०८०

मिति : २०७९/०९/२६

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर

**विषय : धितोपत्र निष्कासन तथा बिक्री प्रबन्ध बारे ।**

महोदय,

बाग्मती प्रदेश, बाग्मती अञ्चल, काभ्रेपलाञ्चोक जिल्ला, वडा नं. ८ बनेपामा रजिष्टर्ड कार्यलय रहेको बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड माइक्रोफाइनान्स समुह अन्तरगर्त तपसील बमोजिम सार्वजनिक निष्काशन गर्न लागेको प्रति कित्ता अंकित मूल्य रु.१००/- दरका **९७,०००** कित्ता साधारण शेयर निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । साधारण शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यबस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यबस्था मिलाइनेछ । यस निष्कासन सम्बन्धमा कम्पनीले उपलब्ध गराएको विवरण बमोजिम देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. वित्तीय संस्थाको विवरण-पत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसवाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै वित्तीय संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारण रहेको छ ।

२. प्रचलित धितोपत्र कारोवार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पुर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यलयमा राखिएको छ ।

३. हाम्रो विचारमा वित्तीय संस्थाद्धारा निष्काशन गर्न लागेको धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सुचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य रहेको छ ।

४. वित्तीय संस्थाको निष्काशन गर्न लागेको शेयरको लागि आवेदन दिने आवेदकहरुलाई विवरण-पत्र तथा दरखास्त फाराम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा वित्तिय संस्थासँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौ ।

५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्कासन नियामावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरु संग अनुरुप हुने गरी वित्तीय संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौ ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**
**मेगा क्यापिटल मार्केट्स लिमिटेडको तर्फबाट**

नाम : शुलभ श्रेष्ठ

पद : का.मु. प्रमुख कार्यकारी अधिकृत

सही : ...............................

कार्यालयको छाप :

२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा बिज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

# SUWAN & ASSOCIATES

Chartered Accountants
Kathmandu, Nepal

VAT No. : 109313030
Firm No. : 857
COP No. : 964
Membership No. : 1350

Board of Directors

BPW Laghubitta Bittiya Sanstha Limited

Banepa, Nepal

**Subject: Certification of Projected Financial Statement**

Dear sir/Madam,

We have reviewed the accompanying Projected Balance Sheet, Projected Profit & Loss Statement, and Projected Statement of Cashflows for the financial year FY 2079/80, FY 2080/81 and FY 2081/82 of BPW Laghubitta Bittiya Sanstha Limited in accordance with the Nepal Standards on Assurance Engagement NSAE 3400- The examination of Prospective Financial Information.

The Management of BPW LAGHUBITTA BITTIYA SANSTHA are solely responsible for the preparation and presentation of the projection and the assumptions on which the projection is based.

Our responsibility is to examine the evidence supporting the assumptions (excluding the hypothetical assumptions) and other information in the prospective financial information. Our responsibility does not include verification of accuracy of projections.

The financial projection has been prepared for submission to the Securities board of Nepal in connection with issue of securities and should not be relied on for any other purposes.

Actual results are likely to be different from the financial projection since anticipated events frequently do not occur as expected and the variation may be material. Accordingly, we do not express any opinion as to whether the financial projection will be achieved nor can we guarantee or confirm the achievement of those results.

Based on the examination of evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that the assumptions made by the management do not provide a reasonable basis for the preparation of the financial projection.

For Suwan & Associates,
Chartered Accountants

Suwan Thapa, CA

Principal
UDIN: 220927CA01350dWIld
Date: 2022.09.27